# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ११ पूर्णाङ्क ६० २०७४ भदौ १२ गते सोमबार Monday, August 28, 2017 पृष्ठ ८ मूल्य रू. १०।-


## सल्यानमा अखिल (क्रान्तिकारी) गठन



काठमाडौं । अखिल (क्रान्तिकारी) को सल्यान जिल्ला समिति गएको श्रावण २४मा डिल्ली ओलीको संयोजकत्वमा गठन भएको छ ।

प्रेम प्रकाश वि.क. सहसंयोजक रहेकको उक्त समितिमा सदस्यहरू लोकेश वि.क., प्रेम खड्का, एव बहादुर के.सी, राम खड्का र प्रसन्न बुढाथोकी रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) सल्यान जिल्ला ईञ्चार्ज मनोहर लामिछाने र सेक्रेटरी यज्ञ ओलीको उपस्थितिमा उक्त

# देउवाले थपेको राष्ट्रघात

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । प्रधानमन्त्रीको पदमा आसिन भएपछि पहिलो विदेश भ्रमणको रूपमा भारतको पाँचदिने राजकीय भ्रमण गरेका नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले विगतका शासकहरूले गरेको राष्ट्रघातको चाङमाथि अर्को चाङ थपेका छन् । देउवाले भारतीय विस्तारवादी शासकसँग सन् पचासको सन्धि, माथिल्लो कर्णाली, अरुण तेस्रो, पञ्चेश्वर, सप्तकोशी उच्चबाँध लगायतका सबै विगतका राष्ट्रघाती सन्धि सम्झौतालाई निरन्तरता दिने विषयमा सहमति गरेका छन् भने संविधान संशोधनजस्तो देशभित्रको आन्तरिक मामलालाई समेत भारतको मुद्दा बनाएर भारतीय स्वार्थनुकूल संविधान संशोधनको बाचा गरेर अझ ठूलो राष्ट्रघात गरेको राजनीतिक तथा कुटनीतिक वृतमा विश्लेषण हुन थालेको छ ।

परराष्ट्र र सुरक्षा नीतिसँगै नेपालको प्राकृतिक सम्पदामा एकाधिकार कायम गरेर भुटानीकरण गर्ने र संविधान संशोधनमार्फत् राज्यका सबै निकायमा आफ्नो बर्चस्व स्थापित गरी आफ्ना दलालमार्फत् नेपाललाई सिक्किमीकरण गरी भारतमा विलय गराउने अन्तिम लक्ष्य लिएर नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आएको भारतीय विस्तारवादी शासकले नेपालका शासकहरूको सत्तास्वार्थको महत्वकांक्षालाई प्रयोग गर्दै आफ्नो अभिष्ट पूरा गर्ने गरेको छ । पछिल्लोपटक सत्तास्वार्थका निम्ति जे गर्न पनि तयार भएका नेपाली कांग्रेसका सभापतिसमेत रहेका देउवा आफू प्रधानमन्त्रीको पदमा टिक्न प्राकृतिक



सम्पदा मात्रै होइन, देशै बेच्न पनि तयार रहेको देखिएको छ ।

२०७२ असोज ३ गते संविधान जारी गरेपछि त्यसप्रति असन्तुष्टि जनाउँदै भारतले भारतले नेपालमाथि पाँच महिना लामो नाकाबन्दी लगाएको थियो । भारतले नेपालको वर्तमान संविधानका ७ व्यवस्थामा संशोधनको प्रस्ताव राख्दै आएको छ । देउवाले संविधान संशोधन गर्ने आश्वासन दिल्लीलाई दिँदा तराई/मधेसले राखेका ...बाँकी ६ पेजमा

## २ नं. प्रदेशमा देजमोका गतिविधि तीव्र

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले स्थानीय तह निर्वाचन उपयोगको नीति अन्तर्गत प्रदेश नम्बर २ का जिल्लाहरूमा कार्यक्रमिक गतिविधिहरूलाई तिव्रता दिएको छ। सोही अनुसार तेस्रो चरणमा स्थानीय तहको निर्वाचन हुने तराईका ८ जिल्लामा देजमोले विविध प्रकारका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

तराईका जिल्लाहरूमा स्थानीय तहको निर्वाचनको तयारीस्वरूप आन्तरिक संगठन परिचालन र प्रशिक्षणका कार्यक्रम भइरहेको देजमोका कार्यालय सचिव हरिकृषण गजुरेलले जानकारी दिए ।

अभियानमा पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा प्रदेश नम्बर २ का संयोजक कृष्णदेव सिंह दनुवार, देजमोका कार्यालय सदस्य तथा २ नम्बर प्रदेशका संयोजक कमल चौधरी, देजमोका सचिवालय सदस्य तथा कार्यालय सचिव हरिकृष्ण गजुरेललगायत जिल्लाका विभिन्न तह र तप्कामा रहेका नेताहरू खटिएका छन् । प्रदेश नम्बर २ अन्तर्गतका ८ जिल्लामा आगामी असोज २ गते स्थानीय तहको निर्वाचन हुँदैछ ।

पार्टीको चुनाव उपयोगको नीति अन्तर्गत सम्बन्धित स्थानीय तहमा उम्मेदवार चयनका काम समेत अघि बढाइएको छ । उम्मेदवार चयनका लागि जिल्ला-जिल्लामा बैठकहरूको आयोजना गरिएको छ । कतिपय स्थानमा उम्मेदवारहरू ठोस गरिएको छ ।

सलार्हीका हरिवन नगरपालिकाको मेयरमा बलराम न्यौपाने र सप्तरीको सुरुङ्गा नगरपालिकाको मेयरमा अछ्मित चौधरीलाई उठाउने निश्चित भएको छ भने बाँकी स्थानहरूमा उम्मेदवार चयन गर्न बाँकी रहेको छ ।

## संगठित हुँदैछन् गुड्नेदेखि उड्नेसम्मका चालकहरू



काठमाडौं । आफ्नो हक, हित र अधिकार रक्षा तथा सम्बर्द्धनका लागि देशैभर छरिएर रहेका टेम्पोदेखि हवाइजहाज चालक तथा सहचालकहरू संगठित भएका छन् । ३ भदौ, ०७४ मा प्रथम राष्ट्रिय भेला सम्पन्न गरी 'नेपाल क्रान्तिकारी चालक दल' निर्माण गरेका उनीहरूले सम्पूर्ण चालकहरूको सञ्चयकोषको व्यवस्था गरिनुपर्ने, चालकहरूको हक, हित र अधिकार स्पष्ट हुने गरी यातायातको कानून निर्माण गर्नुपर्ने, दुर्घटनामा परी चालकको मृत्यु वा अंगभंग भएमा राज्यले सम्बन्धित परिवारलाई एकमुष्ट रकम उपलब्ध गराउनु पर्ने, निमुखा गरिब चालकहरूको ...बाँकी ८ पेजमा

## 'नयाँ जनवादी क्रान्ति'का पक्षधरसँग एकताको पहल

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेपालमा नयाँ जनवादी क्रान्तिका पक्षधर कम्युनिष्ट क्रान्तिकारी पार्टीबीच ६ बुँदे सर्तका आधारमा एकताको पहल नेकपा (क्रान्तिकारी माओवादी)ले थालेको छ। क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य 'किरण'ले भदौं ३ गते नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहसँग पार्टी एकता तथा सहकार्यका निम्ति प्रस्ताव गरे। मसालको बागबजार स्थित सम्पर्क कार्यालयमा दुई नेताबीच भएको भेटमा एकताको प्रस्तावले प्रवेश पाएको थियो । दुवै नेताबीच एकता तथा सहकार्यका निम्ति सकारात्मक कुरा भएको र अनौपचारिक छलफल अगाडि बढाउने कुरामा सहमति भएको उक्त भेटमा सहभागी रहेका क्रान्तिकारी माओवादीका कार्यालय सदस्य रामसिंह श्रीसले वर्गदृष्टिलाई बताए ।

क्रान्तिकारी माओवादीको केही समय पहिले सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकले मालेमावादलाई पार्टीको निर्देशक विचार मान्ने, नयाँ जनवादी क्रान्ति, बल प्रयोगको सिद्धान्त, जनवादी केन्द्रीयताको सिद्धान्त मान्ने र वर्तमान संविधान नमान्ने र वर्तमान सरकारमा नजाने वा नगएका पार्टीसँग एकता गर्न सकिने मार्ग प्रशस्त गरेको छ। यसै आधारमा क्रान्तिकारी माओवादीले नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपासँग पनि एकता वा सहकार्यका लागि पहल गरेको स्रोतले जनाएको छ।

वर्गीय र राष्ट्रिय रूपमा आत्मसमर्पण गर्न पुगेको माओवादी केन्द्रले एकताको नाममा छरेको भ्रमको निरन्तर विरोध गर्दै क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिका पक्षधर राजनीतिक पार्टीहरूसँग मात्र एकता सम्भव रहेको बताउँदै आएको छ ।

वर्तमान संविधान नमान्ने, ...बाँकी ७ पेजमा

## संविधानले जनतालाई सम्बोधन गरेको छैन : दनुवार



**वर्गदृष्टि संवाददाता**

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सप्तरीको सुरुङ्गा नगर समितिको आयोजनामा 'नव निर्मित संविधान र उत्पीडित जाति तथा समुदायको अवस्था' विषयक अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का पार्टीका कार्यालय सदस्य कृष्णदेव सिंह दनुवारले संविधान घोषणा पश्चात यो संविधानका विरुद्ध आन्दोलन चर्किनुले यसले आम जनताको भावनाको प्रतिनिधित्व गरेको छैन भन्ने प्रष्ट भएको बताएका छन् । अधिकार प्राप्तिका लागि नेपाली जनताले दशकौंदेखि संघर्ष गरेको भएपनि संविधानसभाबाट बनेको संविधानले जनभावनालाई समेट्न नसक्दा यसको चौतर्फी विरोध र आलोचना भएको बताए । यो संविधान जनताको पक्षमा नरहेकाले खारेज गरिर्नेमा उनको जोड थियो ।

देजमोका प्रदेश संयोजक कमल चौधरीले प्रतिक्रियावादी शक्तिले बनाएको कालो संविधान भएको टिप्पणी गरे । परिवर्तनका पक्षमा रहेका जनता र राजनीतिक पार्टीलाई बाहिर राखेर ...बाँकी ८ पेजमा

## भेनेजुयलामा अमेरिका विरुद्ध जनप्रतिरोध



एजेन्सी । अमेरिकाको डोनाल्ड ट्रम्प सरकारले भेनेजुयला विरुद्ध युद्धको चेतावनी दिएपछि भेनेजुयाली सरकारले युद्धको प्रतिरोध तयारी शुरु गरेको छ । युद्धको अवस्थामा आम जनताले पनि प्रतिरोध गर्न सक्ने बनाउन देशभरी आमजनताको सहभागितामा भेनेजुयाली सरकारले शनिवारबाट सैन्य अभ्यास शुरु गरेको छ । दुई हप्ता अगाडी ट्रम्प सरकारले भेनेजुयला विरुद्ध कठोर प्रतिबन्धसहित युद्धको चेतावनीको घोषणा ...बाँकी ७ पेजमा

## भ्रष्टाचारको माखेसाङ्लोमा जेलिएको संसदीय व्यवस्था

'नेपाल' राष्ट्रिय साप्ताहिक पत्रिका वर्ष १८ अंक ३ (०४ भदौ २०७४) मा मनबहादुर बस्नेतको 'घोटाला निर्देशक' शीर्षकमा एउटा समाचारमूलक लेख प्रकाशित भएको छ । त्यो लेखमा आयल निगमका निर्देशक गोपाल बहादुर खड्काले आयल निगममा गरेका विभिन्न अनियमितता र भ्रष्टाचारको विवरण दिइएको छ । उनको लेखमा आयल निगममा जुन प्रकारको अनियमितता र भ्रष्टाचार गोपाल बहादुर खड्काले गरे, त्यसमा राज्यसत्ताको उच्च पदमा बसेका विभिन्न व्यक्ति र राजनीतिक पार्टीका नेताहरूको पनि सहयोग र समर्थन छ भन्ने कुरा प्रष्ट हुन्छ । यो लेखले संसदीय व्यवस्थामा राज्यको सम्पत्तिमाथि कसरी भ्रष्टाचार गरिन्छ भन्ने कुरा पनि प्रष्ट पारेको छ ।

गोपाल बहादुर खड्काले आयल निगममा गरेको पछिल्लो ठूलो भ्रष्टाचार भनेको निगमको लागि पेट्रोलियम पदार्थ भण्डारण स्थल लखरिद काण्ड हो । नेपालमा प्रकाशित लेखअनुसार उनले 'झण्डै ९० बिघा जग्गा किन्दा करिब ६७ करोड रूपैयाँ घोटाला गरेको आरोप छ। संसद्को सार्वजनिक लेखा समितिले 'गम्भीर अनियमितता ठोकुवा गरेकको यो प्रकरणमा सरकारी दररेटभन्दा करिब ३० गुणा बढी मूल्य तिरिएको भेटिएको छ' भनेको छ । अहिले संसदीय लेखा समितिले खरिद गरिएको जग्गाहरूको स्थलगत निरीक्षण गरिरहेको छ ।

*गोपाल बहादुर खड्काले आयल निगमको कार्यकारी निर्देशक हुने बित्तिकैदेखि आयल निगममा अनियमितता र भ्रष्टाचारहरू गर्न थालेका रहेछन् । उनीमाथि कारबाहीको प्रक्रिया पनि भएको रहेछ तर सरकार प्रमुख, राज्यको उच्च पदमा बसेका व्यक्तिहरू र पार्टीका नेताहरूले नै उनलाई कारबाही गर्न नहुने पक्षमा भएपछि उनी ढुक्क भएर आयल निगममा अनियमितता र भ्रष्टाचारको श्रृंखला अगाडि बढाउन लागेका रहेछन् ।*



● रामसिंह श्रीस

गोपाल बहादुर खड्काले आयल निगमको कार्यकारी निर्देशक हुने बित्तिकैदेखि आयल निगममा अनियमितता र भ्रष्टाचारहरू गर्न थालेका रहेछन् । उनीमाथि कारबाहीको प्रक्रिया पनि भएको रहेछ तर सरकार प्रमुख, राज्यको उच्च पदमा बसेका व्यक्तिहरू र पार्टीका नेताहरूले नै उनलाई कारबाही गर्न नहुने पक्षमा भएपछि उनी ढुक्क भएर आयल निगममा अनियमितता र भ्रष्टाचारको श्रृंखला अगाडि बढाउन लागेका रहेछन् । यो श्रृंखलामा प्रधानमन्त्री उच्च पदस्थ व्यक्तिहरू र पार्टीका नेताहरूको भ्रष्टाचारीहरूसँग कस्तो सम्बन्ध हुँदोरहेछ भन्ने कुराहरू प्रष्ट होस् भनेर लेखको लामा उद्धरणहरू दिइएको छ ।

भारतको अघोषित नाकाबन्दीको समयमा गोपालबहादुर खड्का इन्धन तस्करीमा संलग्न भएको र अनियमितता गरेको आरोपमा हटाउन खोजिएको रहेछ । हटाउन पहल गर्ने मुख्यतः सरकारले हो । तर ...बाँकी ७ पेजमा

## सम्पादकीय

# सिक्किमीकरणको डिजाइन

भारत भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले भारतीय समकक्षी नरेन्द्र मोदीसँग नयाँ दिल्लीस्थित हैदराबाद हाउसमा बिहीबार आयोजित संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री देउवाले सबैलाई स्वीकार्य बनाउन संविधान संशोधन प्रस्ताव फेरि संसदमा टेवल गर्ने बताएपछि देउवाको सर्वत्र आलोचना सुरु भएको छ ।

उनले भनेका थिए, 'हामीले संविधान संशोधन गर्न प्रयास गऱ्यौं । तर, संसद्मा दुई तिहाइ बहुमत पुऱ्याउन सकेनौं र संशोधन हुन सकेन, म आशा गर्छु, भविष्यमा दुई तिहाइ पुग्छ र संविधान संशोधन हुन्छ । त्यसपछि सबैले संविधान स्वीकार गर्नेछन् ।' सत्तारूढ दलसहित विभिन्न दलका नेता र कूटनीतिज्ञहरूले संविधान संशोधनजस्तो नितान्त आन्तरिक विषयलाई भारतको समेत साझा विषय बनाउनु गम्भीर राष्ट्रघात तथा नेपाली सार्वभौमिकतामाथिको गम्भीर हस्तक्षेप भएको टिप्पणी गरेका छन् । उनीहरूले संविधानप्रति असन्तुष्टी जाहेर गर्दै भारतले नेपालीमाथि गरेको नाकाबन्दीलाई देउवाको यस्तो अभिव्यक्तिले अनुमोदन गरेको समेत विश्लेषण गरेका छन् । कतिपय विश्लेषकहरूले कुनै बेला स्वतन्त्र हिमाली अधिराज्य सिक्किम भारतमा गाभ्नुअघि यसरी नै संविधानमा गरिएको भन्दै यसलाई नेपालको सिक्किमीकरणतर्फको डिजाइन पनि भनेका छन् ।

२०७२ असोज ३ गते संविधान जारी गरेपछि त्यसप्रति असन्तुष्टि जनाउँदै भारतले भारतले नेपालमाथि पाँच महिना लामो नाकाबन्दी लगाएको थियो । भारतले नेपालको वर्तमान संविधानका ७ व्यवस्थामा संशोधनको प्रस्ताव राख्दै आएको छ ।

संविधान संशोधन गर्ने आश्वासन दिल्लीलाई दिँदा तराई/मधेसले राखेका मागको समेत अपमान हुन पुगेको केही विश्लेषकहरूले दावी पनि गरेका छन् । उनीहरूले भनेका छन्, "संविधानप्रतिको असन्तुष्टि भारतको हो भन्ने पुष्टि गराउन देउवा सफल भएका छन् ।" नयाँ संविधानप्रतिको भारतीय असन्तुष्टि २०७२ असोज ७ को इन्डियन एक्सप्रेसमा छापिएको एउटा समाचारबाट पनि प्रस्ट भएको थियो । 'मेक सेभेन चेन्जेज टु योर कन्स्टिच्युसन : इन्डिया टेल्स् नेपाल (संविधानमा सात परिवर्तन गर्नू : नेपाललाई भारतको आग्रह) शीर्षक समाचार प्रकाशित भएपछि संविधानप्रति उसका असन्तुष्टि सार्वजनिक भएका थिए । इन्डियन एक्सप्रेसमा समाचार छापिएपछि भारतीय परराष्ट्र मन्त्रालयका प्रवक्ता विकास स्वरूपले उक्त समाचार यथार्थ नभएको भन्दै भारतले यस्तो कुनै खास सूची नदिएको उल्लेख गरेका थिए । उनले यसो भने पनि संवाददाताका तर्फबाट यसमा थपिएको छ, 'दिल्लीले काठमाडौंलाई यी बुँदाबारे जानकारी गराएको इन्डियन एक्सप्रेसले आफ्नो स्रोतसँग पुष्टि गरेको छ । हामी हाम्रो समाचारप्रति विश्वस्त छौं ।' (हेर्नुहोस् सेप्टेम्बर २४, २०१५ को इन्डियन एक्सप्रेस अनलाइनमा शुभजित रोयले लेखेको समाचार) ।

१९७५ मा स्वतन्त्र हिमाली अधिराज्य सिक्किम भारतमा गाभिनुपछाडि संविधानमा गरिएको संशोधन थियो । त्यहाँका नेताहरू आपसमा नमिली भारतीय प्रशासक बिएन दासबाट शासित हुन तयार भएका थिए । तिनैको डिजाइनमा परेर सिक्किमको मानचित्र गुम्न पुगेको थियो । भारतीय प्रमुख कार्यकारीले सिक्किमको संविधान संशोधनमा आठ संशोधन गर्न दबाब दिएका थिए ।

सिक्किमकै तरिका अपनाउँदै भारतले नेपालको अहिलेको संविधानमा सात संशोधन प्रस्ताव पेश गरेको छ । नेपालका शासकहरू भारतीय शासकहरूलाई रिझाउन संविधान संशोधन गर्ने वाचा गर्दै हिडेका छन् । देउवाले खुल्ला रूपमा नै भारतलाई संविधान संशोधन गराइछाड्ने बताएका छन् । देउवाले दिल्लीका शासकहरूसँग यसो भनिरहँदा सिंगो स्वाभीमानी नेपालीहरूको शीर झुकेको छ । राष्ट्रिय स्वाधीनतामाथि अर्को ठूलो राष्ट्रघात थपिन पुगेको छ ।

नेपाललाई भुटान हुँदै सिक्किम बनाउने भारतीय डिजाइनलाई स्वाभीमानी नेपाली देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूले एकढिक्का भएर निस्तेज पार्न जरुरी छ । आवश्यक परे राष्ट्रिय स्वाधीनताको रक्षाको निमित्त राष्ट्रिय प्रतिरोध आन्दोलन तथा युद्धका निम्ति पनि तयार रहन सक्नु पर्दछ । भारतीय शासकवर्गको एजेण्डा बोकेर हिड्ने दलाल तत्वहरूको पहिचान गरी विभिन्न राजनीतिक दल, नागरिक समाज, कर्मचारी प्रशासन, पत्रकारलगायतका विभिन्न आवरणमा रहेकाहरूका विरुद्ध कडा कदम चाल्न जरुरी छ ।



**परिवर्तनको सम्वाहक**

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# जनयुद्धको सम्मान गरौं, क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने अठोट गरौं !



● दिनेश शर्मा ●

१. विज्ञान आफैमा यस विषयका कारण हरेक चेतनशील ब्यक्तिहरूले त्यसलाई सहजै मान्दछन्, किनकि त्यो तर्कमा मात्र होइन तथ्यमा आधारित छ । मार्क्सवाद आफैमा वैज्ञानिक विचार हो । यतिवेला मार्क्सवादले आफुलाई प्रयोग गऱ्यो र त्यसको विकास गऱ्यो र आज सर्वहारा वर्गका अगाडी मार्क्सवाद-लेनिनवाद-माओवादको वैज्ञानिक विचार छ । जसले मालेमावादको वैज्ञानिक विचारलाई साँच्चिकै आत्मसाथ गर्छ र इमान्दारिताका साथ प्रयोगमा लैजान्छ वास्तवमा त्यसले मालेमावादलाई अझै विकास गर्दछ । कसैले आफ्नो निहित स्वार्थपूर्ति वा महत्वाकांक्षाका आधारमा मालेमावाद अपुरो थियो भनेर ब्याख्या गर्छ र कसैले आफ्नो अपुरो अध्ययनका आधारमा त्यसैलाई समग्र ठान्छ भने त्यो उसको कमजोरी हो । अर्धबुझाई वा निहित स्वार्थका खातिर गरिने ब्याख्याले सर्वहारा वर्गका वर्तमान कार्यभार पूरा हुन सक्तैनन् । त्यसैले सर्वहारा वर्गका सच्चा प्रतिनिधीहरू इमान्दार भएर मात्र पुग्दैन उच्च चेतना, क्षमता, इच्छा शक्ति र अहिलेको आवश्यकता पुरा गर्न सक्ने मनोवल पनि चाहिन्छ ।

यतिबेला विश्व साम्राज्यवादी शक्ति मात्र होइन मन्द विषका रूपमा उदाएको संशोधनवाद, नवसंशोधनवाद र वितण्डतावादको एकसाथ सर्वहारावर्गको अजय हतियार मालेमावादलाई कमजोर बनाउन कम्मर कसेर लागी परेका छन् । कसैले मार्क्सवादको मात्र कुरा गरेर, कसैले मार्क्सवाद-लेनिनवादको कुरा गरेर, कसैले मार्क्सवाद-लेनिनवाद-माओविचारको कुरा गरेर त कसैले मालेमावादकै कुरा गरेर यतिबेलाको सर्वहारा क्रान्तिको वैज्ञानिक विचारलाई खण्डीत गर्ने सर्वहारा वर्गमा भ्रम पार्ने र क्रान्तिलाई कमजोर बनाउने हर्कतहरू भैराखेका छन् । यसमा र्सवहारा वर्गका सच्चा प्रतिनिधिहर सतर्क रहन सक्नु पर्दछ । आफु भित्र रहेका सबै प्रकारका संकिर्ण बेरा तोड्दै अग्रगामी चेतनाद्वारा वैचारिक एकरूपताका आधारमा भावनात्मक ढंगले समेत समृद्ध बनाउँदै नेपाली सर्वहारा वर्गको बाँकी कार्यभार पूरा गर्ने आँट र हिम्मत गर्नु आजको मुख्य आवश्यकता हो । मालेमावादको वैचारिक आधारलाई कमजोर बनाउने सबै प्रकारका विचलनका विरुद्ध संघर्ष गर्दै क्रान्तिको झण्डालाई दह्रोसँग पकड्ने र वर्ग संघर्षको भट्टीमा खारेर विकास गर्ने तर्फ जोड लगाउनु पर्दछ ।

२. सन् १८७१को पेरिस सर्वहारा वर्गको विद्रोहबाट शुरु भएको सर्वहारा वर्गको विद्रोहको लहर सन् १९४९को चिनियाँ सर्वहारा वर्गीय विद्रोहसम्म आईपुग्दा विश्वका सर्वहारा वर्गमा एउटा छुट्टै उत्साह र उमङ्ग छाएको कुरा सर्वविदितै छ । त्यसमा पनि रुस, चीन लगायत विश्वका दर्जनौ देशका सर्वहारा वर्गले चलाएका समाजवादी तथा जनवादी सत्ताको अभ्यासले सर्वहारावर्गलाई अत्यन्तै उत्साहतिर समान्तवर्ग तथा पूँजीपति वर्गलाई निरुत्साहित मात्र होइन, हत्तोत्साहित र आतंकित बनेका थिए । तर सामन्तवादी तथा पूँजीवादीहरू त्यत्तिकै सिमित रहेनन् । बरु आफ्नो गुमेको सत्ता फर्काउन र सर्वहारा वर्गीय क्रान्ति अगाडी बढ्न नदिन सर्वहार वर्गीय आन्दोलन भित्र घुसेका अवसरवादी तत्वलाई उपयोग गर्न पुगे । जसले गर्दा विश्वमा सान्दार तवरबाट संचालनमा आएका राज्य सत्ता हारमा बदलिए । पछिल्लो पटक १९७६मा माओको मृत्यु पश्चात चिनियाँ समाजवादी सत्ताले हाऱ्यो । त्यो हार बाहिरबाट कुनै दुश्मनले आक्रमण गरेर नभै सर्वहारा वर्गको पार्टी भित्र, सत्ताभित्र बसेका अवसरवादी, दक्षिणपन्थी संशोधनवादी गद्दारहरूका कारण हारेका हो भन्ने कुरा स्पष्ट नै छ ।

तर आज आएर हेर्दा त्यसपछिका दिनहरूमा मुख्यत दक्षिणपन्थी संशोधनवादको घुसपैठले सर्वहारा वर्गको क्रान्तिलाई अगाडी बढ्नै नदिने यदी भैहालेमा त्यसलाई सम्झौतामा लगेर समाप्त बनाउने काम हुँदै आएका छन् । २००६ सालमा कम्युनिष्ट पार्टीको गठन भए देखि आजसम्मको नेपालको सर्वहारा वर्गीय आन्दोलनलाई नियाल्दा हामीले त्यही पाउँछौं । मनमोहन, केशरजङ्ग, तुलसीलाल, मदन भण्डारी देखि जीवितै रहेका प्रचण्डसम्मका पात्रहरूको इतिहासलाई हेर्दा कम्युनिष्ट पार्टीको उच्च तहमा पुगेर मालेमावादका आधारभूत सिद्धान्तलाई अपब्याख्या गर्ने, धरातल बदल्ने र वर्गसंघर्षलाई वर्ग समन्वयमा बदल्ने, वर्ग दुश्मनका अगाडि घुँडा टेकेर वर्गको घाँटी निमोठ्ने काम गर्दै आएका छन् । मनमाहेन, केशरजंग, तुलसीलाल देखि मदन भण्डारी सम्मको नेताहरूले सुधावादी, दक्षिणपन्थी संशोधनवादी धारणा अगाडी सारेर सामन्तवादका अगाडी घुँडा टेकेर मालेमावादका आधारभूत सिद्धान्तका खिलाफमा गएका थिए । तर प्रचण्ड दश वर्ष वर्ग संघर्षको मुख्य भूमिकामा रहेर आज मालेमावादको साइनवोर्ड झुण्ड्याएर माओवादीका नाममा साम्राज्यवाद र विस्तारवादको दलाली गर्न पुगका छन् । दशौ हजार महान शहिद हजारौं बेपत्ता योद्धा र हजारौं घाइतेहरूको त्याग, वीरता र बलिदानको खिल्ली उडाएर रमाई रहेका छन् । सर्वहारा क्रीन्तको नजरबाट हेर्दा यो अत्यन्तै डरलाग्दो तस्वीर हो । नेपाली सर्वहारा वर्गमात्र होइन विश्व सर्वहारा वर्गका निमित्त समेत अत्यन्तै खतरनाक विषयवस्तु हो । सर्वहारा वर्गले यसको जमेर वैचारिक, राजनीतिक, सांगठनिक रूपमा संघर्ष गर्नुका साथै वर्ग संघर्षको भिषण लडाईका बीचबाट त्यसलाई चिर्न आवश्यक छ ।

३. दश वर्षको जनयुद्धलाई साम्राज्यवाद, विस्तारवाद र सामन्तवादको शुरुबाटै समाप्त गर्न चाहेका थिए । वर्षौं वर्ष देखि प्रशिक्षण लिएर बसेका सेना र आधुनिक हात हतियारका बलमा वर्ग दुश्मनले समाप्त गर्न खोजेका थिए । तर मालेमावादको सार्वभौम वैज्ञानिक सिद्धान्तको जगमा उभिएर अगाडी बढेको वर्ग संघर्षलाई सर्वहारा वर्गले उत्पीडित समुदायले आफ्नौ वर्ग र समुदायको मुक्तिका खातिर भएको भन्ने कुरा दिलैदेखि स्वीकार गऱ्यो । खाडीको मुलुकमा गएर होइन आफ्नै देशमा रगत बगाएर सर्वहारा वर्गलाई सदाका निम्ति मुक्त गराउने नेपाली यूवाहरू तयार भए । जसले गर्दा वर्ग दुश्मनले तयार पारेका योजना मात्र होइन आधुनिक अतियार पनि कमजोर भए । बरु उच्च साहस, त्याग, वीरता र बलिदानको बीचबाट दुश्मनका आधुनिक हतियार सर्वहारा वर्गको हातमा अथवा सर्वहारा वर्गको पार्टीले गठन गरको जनमुक्ति सेनाको हातमा आयो । दुश्मनका सेनाको वर्षौंको फौजी ट्रेनिङ्ग पछी पऱ्यो । जनमुक्ति ...बाँकी ७ पेजमा

झर्रोटर्रो · कैलुब्राह

# घटनै घटनाका घटना

यो भदौ सूर्यमासी पात्रोअनुसार सिँह मैना (महिना) हो । सिँह महिना भएकाले सत्ताका सिँहहरू निकै जोडका साथ डुक्रिएका छन् । अरू कसैको गणणा भएन । मूल्य भएन र महत्वहिन बनाइएकाले उनीहरूको कुरोको छेउटुप्पो पनि रहेन । सिँह यसै त बनको राजा त्यसमा पनि मनुखे जगतको शाषक बनेर सहरमा छिरेपछि अरूलाई किन टेर्थ्यो । मनपरि डुक्रिएर सबैको हुर्मत लिन पल्केको भएर यतिखेर पनि आफ्नो सकली अनुहार देखायो ।

गएको हप्ता नेपाल मण्डलमा चर्चाको शिखरमा रहेका घटनै घटनाका घटना भए । घटना राम्रो पनि हुन्छ र नराम्रो पनि हुन्छ । तर मनुखे जगतमा घटना शब्द नकारात्मक सन्देशको सूचक बन्ने गर्छ । यो कैलुलाई केही घटनाले छोयो । आफू त सूचना बताउने मनुवा परियो । त्यसैले केही घटनाका बारेमा अलिकता बातचित मारौँ । ती सबै घटनाले नेपाल मण्डलका देखिने, सुनिने र पढिने खबरघरहरूलाई लपेट्यो । कसैले समर्थन र कसैले विरोधमा टिकाटिप्पणी गरे । समर्थन् गर्ने ठिक र विरोध गर्नेजति खान नपाएका भतुवा हुन् भन्ने कैलुको ठहर हो । राजनीतिक विश्लेषणका महापण्डितहरूले आआफ्ना वुद्धिका बिर्का खोलेर वौद्धिक विलासमा बबुरा मनुवाहरूलाई वाणिपान गराए । कसैलाई तिता, कसैलाई मिठा र कसैलाई टर्रा वाणि सुनाएर आफ्ना वौद्धिकताको फूर्ति लाउँदै ढुकुरे छाति फुलाए । के थिए त ती घटनाहरू ? क्रमशः चर्चा गरौँ ।

**घटना एक**

यहि सिँह मैनाको ४ र ५ गते नेपाल मण्डलका अलपत्रकारहरूको बाउ सङ्गठन नेपाल पत्रकार महासङ्घ नाम गरेको डलरबादी संस्थाको चुनावी महासङ्ग्राम भयो । तिनै अलपत्रकारहरूका तीनवटा सिँह सङ्गठनहरू मल्लयुद्धको मैदानमा उक्लिए । रिङभित्र सत्ताधारी दुईवटा सिँहका युनियन र सेन्टर नामका छाउरा एकातर्फ र प्रतिपक्ष सिँहको चौतारी नामको छाउरो अर्कातिर भए । अरू सानातिना फ्याउराहरू चाखे थापेर बसे । कसैले सत्ताको फेरो समाए, कसैले प्रतिपक्षको फेरो समाए । अलपत्रकारहरूको समस्यालाई बलियो गरि समाउने र डलरमा नबिक्ने सङ्गठनलाई रिङआउट गरियो । उ एक्लै लड्यो । उसलाई साथमा लिँदा आफ्नो असली अनुहार उदाङ्गो हुने र महासङ्घमा तर मारेर हाइसञ्चसँग डलरको खेती गर्दै खैरे कुइरेका मुलुकतिर मण्डल मार्दा पोल खुल्ने डर पलायो । त्यसैले सत्तामा बसेका आफ्ना मालिक सिँहहरूको आदेश खुरुखुरु पालना गरेर स्वामीभक्ति देखाउँदै सत्ताको ध्वाँसे डकार डकारे । यो समाचारले नेपाल मण्डलका सबै खबरकेन्द्रहरू प्रभावित भए ।

**घटना दुई**

भोलिपल्ट, अर्थात ६ गते अर्को घटाना भयो । नेकपा माके अर्थात नेपाल कमाउ पार्टी (मारवाडी केन्द्र)मा केजरीवालको नेपाली अवतार नयाँशक्तिबाट केही भोका नाङ्गाहरूको बथान मिसियो । अर्थात एकता भयो । दुई पार्टीको एकतापछि उक्त पार्टीको नाम पनि नयाँ भयो, नेकपा (नशमाके) । नयाँ शक्ति र माके मिलेर नशमाके बन्यो । यो पनि खबरकेन्द्रले निकै जोडतोडका साथ प्रचारमा ल्याए । माकेका सुप्रिमोले आफूहरूलाई सौतेलो ब्यवहार गरेपछि ठुस्किएर केजरीवालका अवतार बनेर देखाइदिने भन्दै अलग भएका भोकानाङ्गाहरू अन्ततः त्वम् शरणम् गर्दै सुप्रिमोको भजन गाउँदै दुई बर्सको तिर्थाटन पछि उनको कुटिभित्र छिरे ।

कुटी प्रवेस कार्यक्रमलाई सम्वोधन गर्ने क्रममा सुप्रिमोले डाक्टर, बैद्य र चन्दलाई आफूजस्तो हुने सपना नदेख्न भन्दै लल्कारे । कुरो ठिकै हो । उनी जस्तो अरू किन हुन पऱ्यो ? २०१७ सालमा रायमाझीले कम्युनिस्ट पार्टीलाई दरबारमा लगेर राजाका हातमा थमाएर उनकै भजन गाएर बसे । माके सुप्रिमोले जनयुद्ध सहित कम्युनिस्ट पार्टीलाई साम्राज्यवादीहरूको हातमा लगेर थमाइदिए । बचेखुचेको शाख पनि चारतारेसँग मिसमास पारेर सत्ताको भत्ता चाटेर मुख मिठ्याइरहेका छन् । त्यसैले आफूजस्तो अरू नहोउन भन्ने कुरा सोह्रैआना मुनासिव हो । अब उनको कुटीमा छिर्नेजती कम्युनिस्ट हुँदैनन् । कम्युनिस्ट हुनु भनेको रुढिवाद हुन्छ । अब उनको पार्टीमा जातिवादी, क्षेत्रवादी, भारतवादी, लोभीपापी, पातपतिङ्गर आदि इत्यादि सबै पस्दैछन् । हिजका दिनमा माके सुप्रिमोले चारतारेलाई प्रतिक्रियावादी भन्थे र सूर्यछापलाई चारतारेको भाइ भन्थे । आज आफ्नो दल घोर प्रतिक्रियावादतिरको यात्रा गरेको हुनाले उनले भने चारतारे र सूर्यछाप जाति आउट । आउट आउट । उनीभित्रै बसेका पनि तुरुन्तै आउट ।

**घटना तीन**

भदौ अर्थात सिँह ७ गते नेपाल मण्डलमा अर्को घटना घट्यो । त्यो घटना हो जम्बो मन्त्रीमण्डल गठन । चारतारेका डेउडापतिलाई जम्बो मन्त्रीमण्डलका जननी भएकाले उनलाई जम्बोपिता पनि भनिन्छ । आफू सत्ताको सिँह चार पटक भए । सिँह भएका बखत दुईचोटी जम्बो मन्त्रीमण्डल बनाएर किर्तिमानी बने । पहिलोचोटी ५२ जनाको मन्त्रिमण्डल बनाएका डेउडापतिले यसचोटी त्यो रेकर्ड तोडने गरि ५० जना त बनाइसके । अझै आफ्नो पासमा चार पाँचवटा मन्त्रालय राखेर ढडिया थापेका छन् । त्यो ढडियामा पञ्चप्रेतको दल पर्छ कि भनेर आशा गरेका छन् । के थाहा सानातिना भुरेटाकुरे दलहरू पो परिहाल्छन् कि ? बागलुङे उखानबहादुर र झापाली २८ साले कमाण्डरको दल पनि च्याखे थापेर बसेकै छ ।

जम्बो मन्त्रीमण्डल बनाएको भोलिपल्टै अर्को जम्बो जन्तिमण्डल लिएर दक्षिणी कूलदेउताको दर्शन गर्न हिन्दूस्तानी मण्डलतिर उडे । उता गएर गुज्जरभैयाको पाउ पर्दै प्रभुसँग आशिर्वाद मागे । प्रभुले पनि भक्त आएकोमा प्रशन्न हुँदै दोस्रो दिन दिनुपर्ने दर्शन जाँदाकै दिन तत्क्षेण दिइहाले । भोलिपल्टको भेट र भलाकुसारीमा डेउडापतिले प्रभुमहाराजलाई खुस पार्न भन्दै संसदबाट फेल भइसकेको संविधान संसोधनलाई फेरि दुइतिहाई पुऱ्याएर पास गराउने बाचा बन्धन गरे । बाचासँगै दुइतिहाई पुऱ्याइदिन याचाना पनि गरे । नेपाल मण्डलमा लेखिएको संविधान उनको इच्छा विपरित भएकाले संविधान जारि भएदेखि नै प्रभु रिसाएर रौद्ररूप लिएर नेपाल मण्डललाई भष्म पार्न खोजेका थिए । अझै पनि उनको क्रोध शान्त नभएकाले झन् संसोधन प्रस्ताव फेल भएको झोँकमा प्रभु रिसाएर पहिलेकै रूप धारण नगरुन भनेर डेउडापतिले चलाखीपूर्ण कूटनीति अपनाउँदै कुनै पनि बखत दुइतिहाई पुऱ्याएर पास गराइछाड्ने बाचा गरे । क्या वात डेउडापति । यो हो सिँहको असली गर्जन । यसरी एकै हप्तामा ऐतिहासिक महत्वका इत्यादि घटाना भए, नेपाल मण्डलमा । यो पक्कै पनि भोलेनाथको कृपा हुनु पर्छ । जय भोलेनाथ ।

*११ भदौ २०७४*

kailubraha73@gmail.com

# लम्पसारवादी चरित्रको दृढतापूर्वक विरोध एवम् भण्डाफोर गर्नुपर्दछ



- ❑ देउवाले नेपालको राष्ट्रिय सम्मानमा गम्भीर चोट पुऱ्याए
- ❑ नेपालका दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको प्रतिनिधित्व गर्दैआएका शासक वर्गको लम्पसारवादी चरित्रमा कुनै फेरबदल आउन सक्तैन ।
- ❑ जलस्रोतका क्षेत्रमा माथिल्लो कर्णाली, अरूण तेस्रो, सप्तकोशी उच्च बाँध, पञ्चेश्वर लगायतका परियोजनाप्रति फेरि पनि आत्मसमर्पणवादी नीति नै अवलम्बन गरियो ।
- ❑ लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूभाग हो । हामी एक इञ्च पनि छोड्न तयार छैनौं ।
- ❑ संविधान संशोधन सम्बन्धी भारतीय चासो विस्तारवादी चिन्तनकै अभिव्यक्ति हो । संविधान संशोधन गर्ने कि नगर्ने त्यो नेपालको आन्तरिक मामिला हो ।
- ❑ माओवादी केन्द्र तथा त्यसको मूल नेतृत्व नेपाली दक्षिणपन्थी संशोधनवादको प्रमुख प्रतिनिधि एवम् प्रवक्ता बन्न गएको कुरा दिनको घाम जत्तिकै छर्लङ्ग छ ।

**● मोहन वैद्य 'किरण', अध्यक्ष, नेकपा (क्रान्तिकारी माओवादी)**

**राष्ट्रिय स्वाधीनताको पक्षधर राजनीतिक शक्तिको रूपमा स्थापित नेकपा (क्रान्तिकारी माओवादी)को अध्यक्षको स्तरबाट हेर्दा प्रधानमन्त्री शेरबहादुर देउवाको पछिल्लो भारत भ्रमणको लेखाजोखा कसरी गर्नु भएको छ ?**

प्रधानमन्त्रीको भारत भ्रमण नकारात्मक नै रह्यो । जलस्रोतका क्षेत्रमा माथिल्लो कर्णाली, अरुण तेस्रो, सप्तकोशी उच्च बाँध, पञ्चेश्वर लगायतका परियोजनाप्रति फेरि पनि आत्मसमर्पणवादी नीति नै अवलम्बन गरियो । सीमा क्षेत्रका डुवानका समस्यामाथि विशेष ध्यानदिँदै भारतले लगाएका बाँधहरू र दशगजा क्षेत्र मिचेर बनाएको सडक भत्काउनेबारे गम्भीरतापूर्वक विषयवस्तु पेश गरिनु पर्दथ्यो । त्यसमाथि कुरै गरिएन । संविधान संशोधन गर्न सकिएन र दुई तिहाई पुऱ्याई गरिन्छ भन्ने अभिव्यक्ति दिएर फेरि पनि भारतीय शासकवर्गप्रति भक्तिभाव जाहेर गर्ने र नेपालको राष्ट्रिय सम्मानमा गम्भीर चोट पुऱ्याउने काम भयो ।

**देउवाको भ्रमणको पूर्वसन्ध्यामा खासगरी तपाईंकै सक्रिय पहलमा नौं वटा वाम घटकले एक सर्वाजनिक वक्तव्य मार्फत् राष्ट्रहित विपरीत कुनै सन्धि सम्झौता नगर्न ध्यानाकर्षण गराउनु भएको थियो । त्यसको सम्बोधन त भएको पाइएन नि ?**

हो, ध्यानकर्षण गराइएको थियो, तर त्यसतर्फ कुनै खास चासो नै दिइएन ।

**संविधानको संशोधन, नेपालको सुरक्षा तथा परराष्ट्र नीति जस्ता अत्यन्तै संवेदनशील विषयमा भारतले राखेको चासो र हस्तक्षेप, र नेपालका शासकहरूको लम्पसारवादी चरित्रलाई चाहिं कसरी विश्लेषण गर्नुहुन्छ ?**

यो राष्ट्रिय स्वाधीनताको रक्षाका दृष्टिले अत्यन्तै गम्भीर प्रकारको र अतिसंवेदनशीलताको स्थिति हो । नेपालका दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको प्रतिनिधित्व गर्दैआएका शासक वर्गको लम्पसारवादी चरित्रमा कुनै फेरबदल आउन सक्तैन । त्यस स्थितिमा हामी एकातिर उनीहरूको त्यस प्रकारको लम्पसारवादी चरित्रको दृढतापूर्वक विरोध एवम् भण्डाफोर र अर्कोतिर राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई प्रभावकारी ढंगले अगाडि बढाउनका लागि योजनाबद्ध रूपमा अगाडि बढ्नु पर्दछ ।

**चीन र भारतबीच डोक्लाम विवादले चरम रूप लिइरहेको अवस्थामा पञ्चशीलका आधारमा असंलग्न परराष्ट्र नीतिका आधारमा तटस्थता देखाउँदै आएको मुलुकको प्रधानमन्त्रीले गरेको भारत भ्रमणबाट उत्तरको छिमेकी मुलुक चीन झस्किन पुगेको छ । दुवै छिमेकीबीच भएको वा हुने यस्तो अवस्थामा नेपालले कस्तो नीति अपनाउन आवश्यक छ ?**

दोक्लाम विवादप्रति सरकारले लिएको तटस्थता र पञ्चशीलको मान्यतामा आधारित परराष्ट्र नीति प्रति प्र.म. देउवा इमान्दर रहे भन्ने त देखिन्न, तर त्यससम्बन्धी तथ्यसत्यबारे अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

**सुशील कोइरालाको पालामा नेकपा एमालेका तर्फबाट परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले भारतीय विदेश मन्त्री सुस्मा स्वराजको नेपाल भ्रमणका बेला २६ जुलाइ २०१४ मा जारी संयुक्त वक्तव्यको बुँदा नं. ६ मा भारत र नेपाल अन्तर्राष्ट्रिय मामिलामा समान धारणा राख्छन् भन्ने मा सहमति जनाएका थिए । उक्त बुँदालाई हुँबहु तत्कालीन प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणका बेला १६ सेप्टेम्बर २०१६ जारी २५ बुँदे संयुक्त वक्तव्यको बुँदा ११ राखेर नेपालको विदेश नीति विधिवतरूपमा भारतलाई बुझाउने काम भएको देखिन्छ । देउवाले पछिल्लो भ्रमणमा मोदीसँग गरेको वाचा हेर्दा त मुलुक भुटानको स्तरमा पुगेको देखिन्छ । नेपालको भुटानीकरण र सिक्किमीकरण सम्भव देख्नुहुन्छ ?**

नेपालमा भुटानीकरण र सिक्किमीकरणको खतराबारे धेरै चर्चा हुँदै आएको छ । तर जेहोस्, एउटा ध्रुवसत्य के हो भने नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अति गम्भीर र अति संवेदनशील बन्दै गएको छ । यस विषयलाई हामीले गम्भीरतापूर्वक लिनु पर्दछ । हामीले एकातिर सम्पूर्ण देशभक्तहरूलाई एकजुट बनाई राष्ट्रिय संयुक्त मार्चा बनाउने र अर्कोतिर आफ्नै स्वतन्त्र पहलमा समेत राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउनेबारे विशेष गम्भीर बन्नै पर्दछ ।

**डोक्लाम विवाद चर्किंदै गर्दा चीनका केही रणनीतिक महत्वका भनाइहरू एकपछि अर्को सार्वजनिक हुँदै आएका छन् । उसले सिक्मिमको भारतमा विलय, भुटानमा भारतको उपस्थिति र नेपालमा बढ्दो भारतीय हस्तक्षेपलाई भारतको 'प्रभुत्ववादी मानसिकता' भन्दै त्यसका विरुद्ध ती देशका नागरिकलाई सघाउने खुल्ला घोषणा गर्दै पनि आएको छ । र, पछिल्ला दिनमा नेपालमा चीनकको चासो र उपस्थिति पनि ह्वात्तै बाक्लिएको छ । यी घटनाक्रमको विश्लेषण कसरी गर्नुभएको छ ?**

नेपालमा चीनको चासो बढदै जानु स्वभाविकै हो । यसबारे पनि विकसित हुँदैगएका घटनाक्रमप्रति हाम्रो ध्यान आकर्षित भएको छ । हामीले विषयलाई गहिरिएर हेरिरहेका छौं ।

**नेपाल, चीन र भारतको त्रिदेशीय विन्दु, लिपुलेक, जुन नेपालको भूभागमा पर्छ, को सम्बन्धमा चीन र भारतले गरेको सन्धि पनि नेपालको राष्ट्रिय स्वाधीनताका पक्षधरहरूले उठाउनै पर्ने सवाल हो । पछिल्लो समयमा यो विषयमा ओझेलमा परेको जस्तो देखिन्छ नि ?**

हो, अहिले लिपुलेखबारे गरिएको चीन-भारत सम्बन्धको कुरा पछाडि परेको छ । वस्तुतः यसमा चीनका तर्फबाट पनि ठुलो गल्ती भएको हो र यसबारे हामीले चिनियाँ पक्षसित आफ्ना कुराहरू राखेका थियौं । यस विषयलाई हामीले उठाउँदै पनि आएका छौं । लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूभाग हो । हामी एक इञ्च पनि छोड्न तयार छैनौं ।

**भारतले सिमा सम्बन्धी अन्तर्राष्ट्रिय कानुन विपरीत नेपालको सिमा जोडिएका जिल्लाहरूमा निर्माण गरेको पक्कि सडक र एकतर्फी रूपमा बाँधेको बाँधका कारण सिंगो तराई/मधेश डुवानमा पर्दै आएको छ । वर्षेनी यहाँका हजारौं परिवार विस्थापित हुँदै आएका छन् । यसपाली पनि धेरै धनजनको क्षति भयो र हजारौं परिवार आफ्नो थातथलोबाट विस्थापित** हुन पुगेका छन् । **प्रम देउवाले यस विषयमा भारतीय सरकारसँग कुरा गर्ने कुनै संवेदनशीलता देखाएको पाइएन । मधेशका जनताले भोगेको यो समस्यालाई नजरअन्दाज गर्दै किन भारत संविधान संशोधनमा मात्र चासो राखिरहेको छ ? यसबारे क्रान्तिकारी माओवादीको धारणा स्पष्ट पारिदिनुस् न ।**

यहाँले उठाउनु भएका कुरा सत्यतथ्यमा आधारित छन् । डुबानका प्रमुख कारण रहिआएका भारतद्वारा अन्तर्राष्ट्रिय कानुन र मान्यता मिचेर बनाइएका बाँध तथा पक्की सडक लगायतका समस्यालाई लिएर अब संघर्षको ठोस कार्यक्रम बनाएर अगाडि बढ्नु पर्दछ । जहाँसम्म संविधान संशोधनप्रतिको देउवाको अभिव्यक्तिको प्रश्न हो त्यो पनि गंभीर छ र त्यसको पनि विरोध तथा भण्डाफोर गर्दै जानुपर्दछ । संविधान संशोधन सम्बन्धी भारतीय चासो विस्तारवादी चिन्तनकै अभिव्यक्ति हो । संविधान संशोधन गर्ने कि नगर्ने त्यो नेपालको आन्तरिक मामिला हो ।

> “ डुबानका प्रमुख कारण रहिआएका भारतद्वारा अन्तर्राष्ट्रिय कानुन र मान्यता मिचेर बनाइएका बाँध तथा पक्की सडक लगायतका समस्यालाई लिएर अब संघर्षको ठोस कार्यक्रम बनाएर अगाडि बढ्नु पर्दछ । जहाँसम्म संविधान संशोधनप्रतिको देउवाको अभिव्यक्तिको प्रश्न हो त्यो पनि गंभीर छ र त्यसको पनि विरोध तथा भण्डाफोर गर्दै जानुपर्दछ । संविधान संशोधन सम्बन्धी भारतीय चासो विस्तारवादी चिन्तनकै अभिव्यक्ति हो । संविधान संशोधन गर्ने कि नगर्ने त्यो नेपालको आन्तरिक मामिला हो । ”

**भारतीय हस्तक्षेपका कारण मुलुकको सार्वभौमिकता नै गुम्ने खतरा बढ्दै गएको अवस्थामा नेपालका बौद्धिक जगतदेखि आम नागरिक तहमा राष्ट्रिय स्वाधीनता रक्षाप्रतिको संवेदनशीलता र जागरुकता अपेक्षित रूपमा कम हुनुमा कारण के देख्नुहुन्छ ?**

यसका पछाडि दुई ओटा काराण छन् । पहिलो त नेपाली बौद्धिक क्षेत्रको एउटा तप्का दलालीकरणको प्रक्रियामा लागेको छ । कतिपय बुद्धिजीवी सत्तावादी र शक्तिपूजावादी रहिआएका छन् । दोस्रो कारणका रूपमा नेपालका वामपन्थी वा कम्युनिस्टहरूको एउटा तप्काको दलालीकरणको प्रक्रिया देखेर बौद्धिक क्षेत्रको एउटा तप्कामा केही शिथिलता आएको छ । सच्चा देशभक्त तथा क्रान्तिकारी कम्युनिस्टहरूले पनि राष्ट्रियताको प्रश्नलाई जुन गम्भीरताका लिनु पर्दथ्यो, त्यो हुन सकेको छैन । त्यो पनि एउटा कारण हो । तर, नागारिक अर्थात् जनताको तहमा राष्ट्रिय स्वाधीनताको रक्षाप्रतिको संवेदनशीलता र जागरुकता अपेक्षित रूपमा कम भयो भन्न मिल्दैन । किनभने जनताले त आवाज उठाइरहेका छन् र आफूसक्दो गरिरहेका पनि छन् । परन्तु, जनताको त्यो जागरुकतालाई एकातिर दलालीकरणमा संलग्न संचारक्षेत्रको ठूलो तप्काले प्रचार गर्ने काममा उपेक्षा गरेको र अर्कोतिर देशभक्त शक्तिले पनि त्यसतर्फ आवश्यक ध्यान दिन नसकेको स्थिति हो ।

**प्रसंग बदलौं, अहिले नेपालका राजनीतिक पार्टीहरू 'मर्ज' हुने र नेता कार्यकर्ताहरूमा दल बदलु प्रवृत्ति असाध्यै बढेर गएको छ । नैतिकता, इमान्दारिता, निष्ठा, आदर्श र मूल्यको राजनीतिमा खडेरी परेको छ । खासगरी माओवादी आन्दोलनबाट आएका प्रायः नेता कार्यकर्ताहरूमा हद दर्जाको अवसरवादी प्रवृत्ति देखिएको छ । यसो हुनुमा कारण के देख्नुहुन्छ ?**

हो, दलबदलुको प्रवृत्ति बढेर गएको छ । यस प्रवृत्तिका तीन पक्ष छन् । पहिलो पक्ष, क्रान्तिकारी पार्टीमा रहेका तर अवसरवादी चरित्र भएकाहरू निम्नपुँजीवादी मनोवृत्ति तथा शक्तिपूजावादी चिन्तनको कारण अवसरवादी पार्टीमा जाने गर्दछन् । दोस्रो, अवसरवादी पार्टीमा रहेका तर क्रान्तिकारी चरित्र भएका मानिसहरू आफू रहेको पार्टी अवसरवादी भयो भन्ने बुझेर पनि क्रान्तिकारी पार्टीमा समाहित हुने गर्दछन् र हुँदै आएका पनि छन् । तर अहिले पहिलो पक्ष प्रबल र दोस्रो पक्ष कमजोर रहेको छ । तेस्रो, एकथरी मानिस अवसरवादी पार्टीबाट अवसरवादी पार्टीमा नै जाने गर्दछन् । त्यो क्रान्तिका लागि भनेर होइन कता बस्दा बढी फाइदा हुन्छ भनेर सोच्ने उपयोगितावादी प्रवृति हो । दलबदलु प्रवृत्तिलाई यसरी नै बुझ्नु पर्दछ ।

**सबै पार्टीभित्रका अवसरवादी नेता कार्यकर्ताहरूलाई आफ्नो पार्टीमा भित्र्याउँदै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले तपाईहरूलाई पनि एकतामा आउन आव्हान गर्दै आएका छन् । एकतामा नआए सिद्धिने वा सिध्याउने चेतावानी पनि दिने गरेका छन् । यसलाई कसरी लिनुभएको छ ?**

माओवादी केन्द्र तथा त्यसको मूल नेतृत्व नेपाली दक्षिणपन्थी संशोधनवादको प्रमुख प्रतिनिधि एवम् प्रवक्ता बन्न गएको कुरा दिनको घाम जत्तिकै छर्लङ्ग छ । त्यस स्थितिमा त्यस पार्टीसित पार्टी एकता असंभव नै छ । जहाँसम्म सिद्धिने वा सिद्ध्याउने कुराको प्रसङ्ग हो, त्यसलाई एकातिर दक्षिणपन्थी दम्भ र अर्कोतिर साम्राज्यवाद तथा विस्तारवादप्रतिको बफादारीका रूपमा बुझ्नु पर्दछ । क्रान्तिकारी कम्युनिस्टहरू कसैले चाहँदैमा सिद्धिदैनन् ।

**वैद्य असफल भए, सबैलाई समेटेर पार्टीको नेतृत्व गर्न सकेनन्, फरक विचार केही छैन, केही गर्न सक्दैनन्, जस्ता अफवाह उनीहरूले चौतर्फी रूपमा फैलाइरहेका छन् । यसबारे के भन्नुहुन्छ ?**

जहाँसम्म हाम्रो पार्टी वा हाम्रो पार्टीका कुनै कमरेडलाई असफल भए भन्ने कुरा हो त्यसको कुनै तुक छैन । असफलता भनेको कुन कुरामा हो ? दक्षिणपन्थीसित मिलेर जान नसक्नु र प्रतिक्रियावादी सत्ता, व्यवस्था तथा संविधान नमान्नुलाई असफलता भन्ने हो भने त्यसलाई त हामी सफलता नै भन्द छौं । यदि क्रान्तिको कुरा गर्ने तर नसक्ने भनेर असफलता भन्ने हो भने क्रान्ति नै नगर्नेलाई त्यस कुराप्रति गरिने प्रश्न वा चासोको कुनै अर्थ वा औचित्य नै छैन ।

**केही समयअघि सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकबाट तपाईंहरूले पनि ६ बुँदे सर्तसहित एकता तथा ध्रुवीकरणको प्रस्ताव अगाडि सार्नुभएको छ । त्यस आधारमा कसैसँग ठोस पहल केही भएको छ ? सम्भावना कस्तो देख्नुहुन्छ ?**

पार्टीको केन्द्रीय समितिद्वारा एकीकरण र ध्रुवीकरणको छ बुँदे प्रस्तावबारे कतिपय पक्षसित कुराकानी भएको छ र कति पक्षसित कुरा गर्ने क्रममा छौं । यो प्रकृया जारी नै छ ।

**तपाईहरू अहिले पार्टीको राष्ट्रिय सम्मेलनमा जुटिरहनु भएको छ । नयाँ जनवादी क्रान्तिका पक्षधर आम जनता, क्रान्तिकारी पंक्ति र अन्तर ांष्ट्रिय भाइचराहरूले यस सम्मेलनबाट के कस्ता अपेक्षा राख्न सक्छन् ?**

यही असोज २१ गतेदेखि ५ दिनसम्म आयोजित पार्टीको राष्ट्रिय सम्मेलन नयाँ जनवादी क्रान्तिको आम कार्यदिशालाई समृद्ध तुल्याउने र आन्तरिक बहसलाई नयाँ उँचाइ प्रदानगरी सकारात्मक रूपमा संश्लेषण गर्ने उद्देश्यमा आधारित छ । यस प्रकारको उद्देश्य पुरा गर्ने दायित्व निर्वाह गर्न र सम्मेलनलाई ऐतिहासिक तथा भव्यतापूर्वक सम्पन्न गर्नका लागि हामी दृढतापूर्वक लागिपरेका छौं । नयाँ जनवादी क्रान्तिका पक्षधर आमजनता, क्रान्तिकारी पार्टी र अन्तर ांष्ट्रिय भाइचाराहरूले पनि यस संमेलनद्वारा यही अपेक्षा गरेका छन् । वहाँहरूका अपेक्षालाई प्रत्यक्ष वा परोक्ष रूपमा बुझ्ने र तिनको सम्बोधन गर्ने काममा हामी प्रतिबद्ध नै छौं ।

**अन्तमा, वर्तमान व्यवस्था र नेतृत्वबाट आजित भएका जनता र परिवर्तनका पक्षधर आम जनसमुदाय तथा क्रान्तिकारी पंक्तिमा के अपील तथा आव्हान गर्न चाहनुहुन्छ ?**

प्रतिक्रियावादी तथा संशोधनवादीहरूका भ्रमजाललाई तोड्दै अगाडि बढ्न, क्रान्तिप्रति विश्वस्त हुन, क्रान्तिको तयारीका काममा आवश्यक सहयोग पुऱ्याउन र पार्टीका कमी कमजोरीप्रति खबरदारी गर्नका लागि मैले यस लोकप्रिय पत्रिका मार्फत् वहाँहरूसित विशेष अपिल तथा आह्वान गर्न चाहन्छु ।

# भौतिकवाद र मानिस

दर्शनको क्षेत्रमा पहिले देखिन् उठ्ने गरेर आएको एउटा महत्वपूर्ण सवाल छ । त्यो सवाल हो : मानिस भनेको के हो ? यो प्राचीन कालदेखि उठ्ने गरेको सवाल हो । यो मनिसले आफैलाई चिन्ने र बुझ्ने कुरासित सम्बन्धित सवाल हो । ग्रीसको देल्फिन मन्दिरको मूल ढोकामाथि यस्ता शब्दहरू कुँदिएका छन् : 'मानिस : आफूलाई चिन' (Man : Know Thyself)

मानवजातिको इतिहासमा हामी यस्ता धेरैजना व्यक्तित्वहरू पाउँछौं जसले महान् वीरतापूर्ण कार्यहरू गरेका छन्, आम जनताको हितका लागि महान त्याग र बलिदानका उज्ज्वल दृष्टान्तहरू प्रस्तुत गरेका छन् । यो हाम्रो इतिहासको एउटा पाटो हो, र त्यसको उल्टो, अर्को पाटो पनि छ । इतिहासमा हामी यस्ता धेरै पात्रहरू पाउँछौं जसले आफ्नो संकीर्ण स्वार्थपूर्तिका लागि जनताका विरुद्ध भयानक अपराधहरू गरेका छन्, ठुल-ठुला मानव हत्याकाण्डहरू रचेका छन् र मानव जाति र ऐतिहासिक प्रगतिका घिनलाग्दा शत्रुको रूपमा आफुलाई प्रस्तुत गरेका छन् । मानिसहरूले गरेका यस्ता राम-नराम्रा, प्रशंसायोग्य र घृणायोग्य अनेकौं कार्यहरू मानव जातिको इतिहासको एयटा अंगको रूपमा रहेका हामी पाउँछौं । त्यस्ता ऐतिहासिक परिघटनाहरूको परिप्रेक्ष्यमा स्वाभाविक रूपमा यस्ता प्रश्नहरू उठ्ने गरेका छन् : आखिर मानिस भनेको के हो ? के हामी यस्तो विचित्रता बोकेका मानिसलाई चिन्न सक्छौं ? चिन्न सकिन्छ भने कसरी चिन्ने त ? अनि मानसिलाई सही रूपमा चिनेर त्यसबाट फाइदा के छ ? दर्शनको क्षेत्रमा उठ्ने र जवाफको माग गर्ने सवालहरू यस्तो खालका छन् ।

"मानिस भनेको के हो" भन्ने प्रश्नको वास्तविक अर्थ र तात्पर्यबारे एन्टोनियो ग्राम्चीले निम्न विचार प्रस्तुत गरेका छन् :

"यो दर्शनले सोध्ने प्राथमिक र प्रधान सवाल हो । उक्त प्रश्नको जवाफ कसरी दिने ? मानिस स्वयंमा, अर्थात प्रत्येक वैयक्तिक मानिसमा यसको खाका पाउन सकिन्छ । तर के त्यो सही हुन्छ त ? प्रत्येक वैयक्तिक मानिसमा, प्रत्येक 'वैयक्तिक मानिस' के हो भन्ने पत्तालाउन सकिन्छ । तर, प्रत्येक वैयक्तिक के हो भन्ने हाम्रो चासोको विषय होइन, किनभने त्यसको अर्थ प्रत्येक वैयक्तिक मानिस प्रत्येक वैयक्तिक क्षणमा के हो भन्ने हुन जान्छ । यसबारे विचार गर्दा हामी कुन कुरा देख्न सक्छौं भने 'मानिस भनेको के हो ?' भन्ने प्रश्न राख्दा हाम्रो अर्थ यस्तो रहन्छ : मानिस के कस्तो बन्न सक्छ ? अर्थात के मानिसले आफ्नै नियतिमाथि (Destiny) शासन चलाउन सक्छ ? के उसले 'आफैलाई बनाउन सक्छ ?' तसर्थ हाम्रो मत के छ भने मानिस भनेको एउटा प्रक्रिया हो र, अझ ठीकसित भन्ने हो भने, मानिस भनेको उसका कार्यवाहीहरूको प्रक्रिया हो । यसबारे चिन्तन गर्ने हो भने, स्वयं 'मानिस के हो' भन्ने प्रश्न कुनै निराकार वा वस्तुगत प्रश्न रहँदैन । यो हामी आफ्नै बारे र अरुहरूबारे हाम्रो प्रतिबिम्बबाट पैदा भएको हो र हामीले सोचेको र देखेको सम्बन्धमा, हामी को हौं र हामी के बन्न सक्छौं, हामी हामी आफैका निर्माता, हाम्रो जीवन र हाम्रो नियतिका निर्माता साँच्चिकै हौं कि होइनौं र हौं भने कति हदसम्म हौं भन्ने कुरा हामी जान्न चाहन्छौं । र हामी कुनै जीवन वा कुनै मानिसको अवस्थामा होइन कि 'आज', आजका खास अवस्थाहरूमा हाम्रो दैनिक जीवनका अवस्थाहरूमा उपरोक्त कुरालाई जान्न चाहन्छौं ।"

माथि उद्धृत भनाइमा उठाइएका सवालहरू मानिस सम्बन्धी समस्यासित सम्बन्धित सवाल हुन् । उक्त समस्या दार्शनिक क्षेत्रमा पहिलेदेखि रहेर आएको समस्या हो र अहिले पनि विद्यमान छ । मानिस भनेको के हो ? मानिस पनि अन्य जनवारसरह कै जीव हो कि जनवारबाट फरक जीव हो ? फरक जीव हो भने भिन्नता कुन कुरामा रहेको छ । मानिसले आफुलाई कस्तो बनाउनुपर्छ र बनाउन सक्छ ? के मानिसले आफुलाई आफुले चाहेको जस्तो बनाउन सक्छ ? यी र यस्तौ विभिन्न सवालहरू मानिसको समस्याका विभिन्न पक्षहरू हुन र ती दार्शनिक अध्ययनका विषय हुन । उक्त समस्याको समाधान भौतिकवादी र आदर्शवादी दार्शनिकहरूले आ-आफ्नो धारणा अनुसार प्रस्तुत गरेर आएका छन् ।

यस अध्यायमा हामी भौतिकवादी आधारबाट उक्त समस्याबारे चर्चा गर्न गइरहेका छौं, किनभने सही आधारबाट अघि बढेर मात्र कुनै पनि महत्वको समस्याको सही समाधानमा पुग्न सकिन्छ । मार्क्स र एन्जेल्सले आफूले प्रतिपादन गरेको द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरूलाई मानव इतिहासमा प्रयोग गरी ऐतिहासिक भौतिकवादको प्रतिपादन गरे, जसको प्रमुख सिद्धान्त सामाजिक चेतनाले सामाजिक जीवनलाई निर्धारण गर्दैन, बरु सामाजिक जीवनले सामाजिक चेतनालाई निर्धारित गर्छ भन्ने रहेको छ । ऐतिहासिक भौतिकवाद भनेको इतिहास सम्बन्धी भौतिकवादी विज्ञान हो, जसले समाज र मानिसका यावत समस्याहरूलाई भौतिकवादी आधारबाट ब्याख्या-विश्लेषण गरेर निष्कर्ष निकाल्छ । यस विज्ञानले मानिसको समस्याको सम्बन्धमा एउटा वैज्ञानिक सिद्धान्त प्रदान गरेको छ र त्यो, 'लुड्विक फ्वारबाख'मा ब्यक्त एन्जेल्सको शब्दमा, "वास्तविक मानिसहरू र तिनको ऐतिहासिक विकासको विज्ञान हो ।"

पृथ्वीमा जीव-जन्तुको आविर्भाव अनन्तकालमा धेरै पहिले भएको थियो र सो विकासको क्रममा पृथ्वीमा मानिसको आविर्भाव भयो । प्रकृतिको एउटा हिस्साको चरणमा प्रकृतिले एउटा सक्रिय प्राकृतिक जीवलाई पैदा गऱ्यो- यस्तो जीव जसले सोच-विचार, चिन्तन-मनन गर्ने सामर्थ्य आफूमा राखेको छ, जो सचेत क्रियाकलाप गर्ने आफ्नो शक्तिको कारणले गर्दा, अन्य जीव-जन्तुबाट गुणात्मक रूपले भिन्न छ । करोडौं वर्ष पहिले भएको निर्जीव प्रकृतिबाट जैविक-प्रकृतिको विकासमा मानिसको उत्पत्ति एउटा गुणात्मक अग्रगति, द्वन्द्वात्मक फड्को (Dialectical Leap) थियो, जसले प्रंकृतिको उच्चतम विकासको प्रतिनिधित्व गर्नुका साथै बाह्य, व्यावहारिक सामाजिक क्रियाकलाप मार्फत प्रकृतिलाई आफ्नो योजना र उद्देश्यमा प्रयोग गर्ने आफ्नो शक्तिको कारण प्रकृति-विरोधको प्रतिनिधित्व पनि गर्दछ । यही व्यावहारिक क्रियाकलाप हो जसले मानिसलाई जनावरबाट गुणात्मक रूपले छुट्याउँछ । जस्तो कि कार्ल मार्क्स भन्छन् :

"निश्चय नै खानु, पिउनु, सन्तान जन्माउनु आदि पनि वास्तविक मानवीय कार्य हुन, तर यदि तिनलाई अन्य मानवीय क्रियाकलापको क्षेत्रबाट छुट्टै राखेर एकमात्र र अन्तिम उद्देश्यमा फेर्ने अमूर्ततामा लिइयो भने, तिनीहरू जनावर हुन ।"

अगाडी उनी भन्छन् : ..... प्रकृतिको मानवीय सारतत्व पहिले सामाजिक मानिसको लागि मात्र अस्तित्वमा रहन्छ, किनभने यहाँ मात्र उसको लागि प्रकृति मानिससित नजिकको सम्बन्धको रूपमा--अरुको लागि उसको अस्तित्व र उसको लागि अरुको अस्तित्वको रूपमा--मानवीय संसारको जीवन-तत्वको रूपमा रहन्छ, यहाँ मात्र प्रकृतिको उसको आफ्नो मानवीय अस्वित्वको आधारको रूपमा रहन्छ । यहाँ मात्र जुन कुरो उसको लागि उसको प्राकृतिक अस्तित्व हो त्यो मानवीय अस्तित्व बनेको हुन्छ र प्रकृति उसको लागि मानिस बनेको हुन्छ । यसरी समाज सार रूपमा मानिस र प्रकृतिको पूर्ण एकत्व--प्रकृतिको सच्चा पुनर्जीवन--पूर्णतामा पुऱ्याइएको मानिसको प्रकृतिवाद र प्रकृतिको मानवतावाद दुबै हो ।"

अवश्य पनि, यदि मानिसले खानु, पिउनु आदि कार्यमा मात्र आफुलाई सीमित राख्छ भने मानिस जनावरबाट फरक रहँदैन, बरु मानिसको रूपमा जनावर रहन्छ, किनभने जनावरहरू पनि खाने--पिउने, सन्तान जन्माउने काम गरिरहेकै छन् । तर मानिस त्यतिमा मात्र सीमित रहेको छैन, उसको चारित्रिक विशेषता जनावरको भन्दा भिन्नै रहेको छ । यसलाई अर्नस्ट फिस्चरले निम्न रूपमा ब्यक्त गरेका छन् :

"जनावरहरूको जीव-स्वभाव एउटा अनन्त पुनरावृत्ति हो, मानिसको स्वभाव चाहिँ रूपान्तरण, विकास, परिवर्तन हो । जनावर वर्तमानमा अतीतको मूर्तरूप हो, मानिस चाहिँ अतीत र वर्तमान मात्र होइन, बरु भविष्य पनि हो । जनावर प्रकृतिले जे दिन्छ, त्यसलाई सकारेर लिन्छ, मानिसले आफूलाई बढी दिन लगाउन प्रकृतिलाई बाध्य पार्छ । उसले प्रकृतिमाथि हात हाल्छ, प्रकृतिसित द्वन्द्वमा आफूलाई लगाउँछ, प्रकृतिबाट आफूलाई बेग्लाउँछ, र आफ्नो विजातीय रहेको कुरालाई आफ्नो उद्देश्यको सेवा गर्न लगाएर-त्यसमाथि क्रियाशील रहेर त्यसलाई आफ्नो अधीनमा पार्छ ।"

मार्क्सवादले मानिस भनेको के हो भन्ने सवालमा चर्चा गर्दा उसलाई कुनै निराकार प्राणीको रूपमा होइन, बरु द्वन्द्वात्मक रूपमा लिएको छ, अर्थात त्यसले उसलाई प्रकृतिको ऐतिहासिक विकासको प्रक्रियाको सिलसिलामा पैदा भएको र प्रकृतिको एउटा हिस्साको रूपमा त्यससित एकता र द्वन्द्वको स्थिमा रहेको र आफ्नो समाज र त्यहाँ रहने मानिसहरूसितको सम्बन्धमा लिने गरेको छ । त्यस स्थितिमा आफ्नो उद्देश्यमा प्रकृतिलाई र समाजलाई फेर्ने उसको व्यावहारिक क्रियाकलाप सामाजिक चरित्रको रहेको हुन्छ, जसले गर्दा मानिस अरु जनावरभन्दा फरक, सामाजिक मानिस बनेको छ । मानिसलाई जनावरबाट छुट्याउने सबभन्दा प्रमुख तत्व के हो भन्ने सम्बन्धमा एन्जेल्सले भनेका छन् :



कृष्णदास श्रेष्ठ

**"श्रम भनेको एउटा प्रक्रिया हो, जसमा मानिस र प्रकृति दुवै सहभागी रहन्छन् र जसमा मानिसले आफ्नो माफिक अनुसार आफु र प्रकृतिबीचका भौतिक सम्बन्धहरूलाई थाल्दछ, नियमित र नियन्त्रण गर्छ । प्रकृतिकै एउटा शक्तिको रूपमा मानिसले आफ्ना चाहनाहरूसित मिल्दो गरी प्रकृतिका उत्दपादनहरूलाई उपयोग गर्ने क्रममा आफ्नो शरीरका प्राकृतिक शक्तिहरूलाई हात, खुट्टा र मस्तिष्कलाई गतिशील बनाएर त्यसको विरोधमा आफूलाई लगाउँछ । बाह्वय संसारमाथि कार्यरत रहेर त्यसलाई फेर्नुका साथै उसले आफ्नो स्वभावलाई पनि फेर्दछ । उसले आफ्ना सुसुप्त शक्तिहरूको विकास गर्छ र तिनलाई आफ्नो नियन्त्रणमा क्रियाशील हुन बाध्य पार्छ ....... हामी एकमात्र मानवीय छाप रहेको रूपमा श्रमको पूर्वानुमान गर्छौं ।"**

"सारांशमा जनावरले आफ्नो परिवेशको प्रयोग मात्र गर्छ र आफ्नो उपस्थितिद्वारा मात्र त्यसमा परिवर्तन ल्याउँछ । मानिसले चाहिँ आफ्ना परिवर्तनहरूद्वारा त्यसलाई आफ्नो उद्देश्यको सेवा गर्न लगाउँछ, त्यसलाई सेवक बनाउँछ । यो नै मानिस र अन्य जनावरहरू बीच अन्तिम प्रमुख भिन्नता हो । यहाँ पनि त्यस्तो भिन्नता ल्याउने कुरा श्रम नै रहेको छ ।"

माथि-उद्धृत भनाइमा एन्जेल्सले मानिस र जनवारलाई छुट्याउने सबभन्दा प्रमुख कुरा श्रम रहेको बताएका छन् । मार्क्स र एन्जेल्सले मानिसलाई सचेत रूपले क्रियाकलाप गर्ने र प्रकृतिलाई आफ्नो उद्देश्यमा रूपान्तरित गर्न सक्ने सिर्जनशील जीवको रूपमा परिभाषित गरेको छ । यही सचेत सिर्जनात्मक श्रम, उत्पादक क्रियाकलापद्वारा वस्तुगत संसारलाई परिवर्तित गर्ने जीवको रूपमा मानिस जनावरबाट भिन्न रहेको हो । स्वतन्त्र र सचेत रूपमा गरिने जीवन-कार्य, सिर्जनात्मक कार्य नै मानिसको विशिष्ट चरित्र रहेको तथ्यलाई इंगित गर्दै मार्क्सले लेखेका छन् :

"जनावर तत्काल आफ्नो जीवन-कार्यसित एकात्म हुन्छ । त्यसले आफुलाई त्यसबाट छुट्याउँदैन । त्यो त्यसको जीवन-कार्य हो । मानिसले आफ्नो जीवन-कार्यलाई नै आफ्नो इच्छा र आफ्नो चेतनाको वस्तु बनाउँछ । उसको सचेत जीवन-कार्य हुन्छ । सो कार्य उसले आफुलाई प्रत्यक्ष रूपले विलयन पार्ने दृढाग्रह रहँदैन । सचेत जीवन-कार्यले प्रत्यक्ष रूपबाट मानिसलाई जनावर जीवन-कार्यबाट छुट्याउँछ । ठीक यही कारणले गर्दा मानिस एक विशिष्ट प्राणी रहन्छ । अथवा विशिष्ट प्राणी भएकोले मात्र उ एक सचेत प्राणी रहन्छ, अर्थात उसको आफ्नै जीवन उसको लागि एउटा वस्तु रहन्छ । त्यही कारणले गर्दा मात्र उसको क्रियाकलाप स्वतन्त्र क्रियाकलाप रहन्छ .........

"आफ्नो व्यावहारिक क्रियाकलापद्वारा वस्तुगत संसारको निर्माण गर्दा, निर्जीव प्रकृतिको निर्वाहण गर्दा (Working up), मानिसले स्वयं आफूलार्य एक सचेत विशिष्ट प्राणी सावित गर्छ .... । यो हो कि जनावरहरू पनि पैदा गर्छन, तिनीहरू आफ्नो लागि गुँड, वासस्थान बनाउँछन् जस्तो कि माहुरी ......., कमिला आदि । तर जनवरले आफ्नो वा आफ्नो बच्चाको लागि तत्काल चाहिने चीज मात्र पैदा गर्छ । त्यसले एकपक्षीय रूपमा पैदा गर्छ, जब कि मानिसले सर्वब्यापक रूपमा पैदा गर्छ । जनावरले तात्कालिक शारीरिक आवश्यकताको बाध्यता अन्तर्गत मात्र पैदा गर्छ । .... जनावरले स्वयं आफुलाई मात्र पैदा गर्छ, जब कि मानिसले सम्पूर्ण प्रकृतिको पुनरुत्पादन गर्छ ।"

मानिस एउटा सामाजिक प्राणी हो । हुन त अन्य केही जनावर पनि सामाजिक छन्, तर मानिस यस्तो सामाजिक प्राणी हो जो सचेत छ, जो उत्पादनका ज्यावलहरू बनाउँछ र त्यसको प्रयोगद्वारा आफ्नो जीविकाका साधनहरूको उत्पादन गर्छ । सिर्जनात्मक श्रममा लाग्ने, समाजको बीचमा रहेर सामाजिक क्रियाकलाप गर्ने, चिन्तन मनन गर्ने, योजना र उद्देश्यका साथ क्रियाशील रहने आदि उसका गुणहरूले मानिसलाई अन्य जनावरबाट गुणात्मक रूपले, पुरैसित छुट्याएका छन् । सचेत प्राणीको रूपमा उसको क्रियाकलापले उसलाई सिर्जनात्मक सामर्थ्य भएको प्राणीको रूपमा चिनाएको छ । आफ्नो जीविकाका आवश्यकताहरूको पूर्तिको लागि प्रकृति, समाज र स्वयं आफूलाई परिवर्तित र रूपान्तरित गर्नसक्ने उसको सामर्थ्यको दसिको रूपमा आधुनिक सभ्यता हाम्रो सामू छ । प्रकृति, समाज र मानवीय चिन्तनको विकासको क्षेत्रमा उसबाट भएका सिर्जनात्मक कार्यहरू निश्चय पनि विशाल महत्वका छन्, र त्यसले उसलाई प्राणी जगतमा एउटा विशिष्ट स्थान दिलाएको छ ।

**यस सम्बन्धमा मार्क्स भन्छन् :**

"तसर्थ वस्तुगत संसारमाथि आफ्नो कामद्वारा नै मानिसले साँच्चिकै आफूलाई एउटा विशिष्ट जीव रहेको सवित गर्छ । यो उत्पाद नै उसको सक्रिय विशिष्ट जीवन (Species-life) हो । उक्त उत्पादनमार्फत, प्रकृति उसको काम र उसको वास्तविकताको रूपमा देखा पर्छ । तसर्थ, श्रमको उद्देश्य मानिसको विशिष्ट जीवनको वस्तुगतकरण रहन्छ : किनभने उसले आफूलाई चेतनामा, बौद्धिक रूपले मात्र होइन, बरु सक्रिय रूपले, यथार्थता पनि दोहऱ्याउँछ (Duplicte), र त्यसैले उसले आफूलाई आफूले सिर्जना गरेको संसारमा देख्छ । तसर्थ, मानिसबाट उसको उत्पादनको वस्तु निकाली दिँदा, विजातीयकृत-श्रमले उसबाट उसको विशिष्ट जीवनलाई, प्राणी विशेषको सदस्यको रूपमा उसको वास्तविक वस्तुगततालाई निकालिदिन्छ र जनावरमाथि उसको गनीमत (फाइदा)लाई उसको निर्जीव शरीर प्रकृतिले उबाट निकालिदिएको बेफाइदामा रूपान्तरित गर्छ ।"

यसरी, मार्क्सवादको भनाइ अनुसार, मानिस आफ्नो इच्छा (Will) र चेतनाद्वारा निर्देशित भएर आफ्नो जीवन-कार्यमा लाग्ने विशिष्ट प्राणी हो-यस्तो प्राणी जसले समाजको बीचमा आफूलाई मानवीकृत गर्दछ, आफ्नो काममा आफूलाई वस्तुगत रूप दिन्छ र आफुबाट सिर्जिएको यथार्थतामा आफूलाई प्रस्तुत गर्दछ ।

मानिसको समस्याको ब्याख्या-विश्लेषण र समाधान सम्बन्धमा माथि ब्यक्त भएको जुन दृष्टिकोण छ, त्यो मुख्य रूपले मानवीय श्रममा आधारित भौतिकवादी दृष्टिकोण हो । त्यसको मुख्य प्रस्थापना के छ भने निश्चित उद्देश्यका साथ गरिने मानिसको श्रम, व्यवहारिक क्रियाकलाप त्यस्तो तत्व हो जसले उसको अस्तित्व र विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । श्रम नै त्यस्तो तत्व हो, त्यस्तो सिर्जनात्मक प्रक्रिया हो, जसको मद्दतबाट मानिसले प्रकृतिलाई आफ्नो उद्देश्यमा प्रयोग गरेर त्यसलाई रूपान्तरित गर्छ र सो रूपान्तरणको प्रक्रियामा आफूलाई पनि रूपान्तरण गर्छ । यही श्रम नै मूल तत्व हो, जसले मानिसलाई वास्तविक मानिस बनाएको छ । श्रमको भूमिकाबारे मार्क्स लेख्छन् :

"पहिलो कुरा, श्रम भनेको एउटा प्रक्रिया हो, जसमा मानिस र प्रकृति दुवै सहभागी रहन्छन् र जसमा मानिसले आफ्नो माफिक अनुसार आफु र प्रकृतिबीचका भौतिक सम्बन्धहरूलाई थाल्दछ, नियमित र नियन्त्रण गर्छ । प्रकृतिकै एउटा शक्तिको रूपमा मानिसले आफ्ना चाहनाहरूसित मिल्दो गरी प्रकृतिका उत्दपादनहरूलाई उपयोग गर्ने क्रममा आफ्नो शरीरका प्राकृतिक शक्तिहरूलाई हात, खुट्टा र मस्तिष्कलाई गतिशील बनाएर त्यसको विरोधमा आफूलाई लगाउँछ । बाह्य संसारमाथि कार्यरत रहेर त्यसलाई फेर्नुका साथै उसले आफ्नो स्वभावलाई पनि फेर्दछ । उसले आफ्ना सुसुप्त शक्तिहरूको विकास गर्छ र तिनलाई आफ्नो नियन्त्रणमा क्रियाशील हुन बाध्य पार्छ ....... हामी एकमात्र मानवीय छाप रहेको रूपमा श्रमको पूर्वानुमान गर्छौं । माकुराले जुलाहाको कामसित मिल्दा कामहरू गर्छ र माहुरीले आफ्नो सेल (Cell)को निर्माणमा कैयन् शिल्पकारलाई लाजमर्दो बनाउँछ । तर खराबभन्दा खराब शिल्पकारलाई सर्वोत्तम माहुरीबाट छुट्याउने कुरा यो हो : शिल्पकारले आफ्नो संरचनालाई यथार्थमा तयार पार्नुअघि आफ्नो कल्पनामा त्यसलाई तयार पार्छ । त्यसका साथै, प्रत्येक श्रम प्रक्रियाले अन्त्यमा, हामी त्यसको निर्माणअघि नै श्रमिकको कल्पनामा रहेको परिणाम प्राप्त गर्छौं ।"

एउटा प्राकृतिक जीवको रूपमा मानिसमा जुन क्षमात र योग्यता छ, त्यसको उपयोग शुन्यमा हुने होइन । त्यसको अभिब्यक्ति उसको कार्यमा हुन्छ र हुनुपर्छ, र त्यसको लागि ऊबाट पूरै स्वाधीन रहेका चीजहरू हुनु आवश्यक छ, र साथै अरु ब्यक्तिहरूसितको सम्बन्धको आवश्यकता पर्छ । मार्क्स लेख्छन् :


"मानिस प्रत्यक्ष रूपले एउटा प्राकृतिक जीव हो । प्राकृतिक जीवको रूपमा एक सजीव प्राकृतिक जीवको रूपमा, उ एकातिर प्राकृतिक शक्तिहरू, जीवन्त शक्तिहरूको सुसज्जित रहेका हुन्छ- उ एक सक्रिय प्राकृतिक जीव हो । ती शक्तिहरू उसको लागि प्रवृत्ति तथा सामर्थ्यको रूपमा-प्रेरणाहरूको रूपमा रहन्छन् । अर्कोतिर, एक प्राकृतिक, शारीरिक, संवेदनायुक्त वस्तुगत प्राणीको रूपमा उ, जनावर र बोटविरुवा झैं, एक पीडित, सर्तबन्द (Conditioned) र सीमित प्राणी हो । अर्थात, उसको प्रेरणाका वस्तुहरू ऊभन्दा बहिर, ऊबाट स्वतन्त्र वस्तुको रूपमा रहेका हुन्छन्, तर ती वस्तुहरू उसलाई चाहिने वस्तु हुन, उसका सारभूत शक्तिहरूको अभिब्यक्ति तथा पुष्टिका लागि आवश्यक वस्तु हुन .... भोक एउटा प्राकृतिक खाँचो हो , त्यसको पूर्ति गर्न, त्यसलाई शान्त पार्नका लागि त्यसको बाहिर प्रकृति, त्यसको बाहिर एउटा वस्तु त्यसलाई आवश्यक पर्छ । भोक भनेको मेरो शरीरको त्यस्तो मान्य खाँचो हो, जसको पूर्णताको लागि र जसको सारभूत सत्ताको लागि कुनै अपरिहार्य , त्यसभन्दा बाहिरको वस्तु चाहिन्छ । "

मानिसमा जुन क्षमता तथा अनर्निहित शक्तिहरू छन्, तिनको खुलस्तता उसको क्रियाकलापको सिलसिलामा मात्र हुन्छ र उक्त कुरो उसको इच्छामा भर परेको हुँदैन, बरु उसको सामाजिक जीवनका भौतिक अवस्थाहरूमाथि निर्भर गर्दछ । मानिस जुन सामजिक अवस्था र वातावरणमा रहेको हुन्छ, त्यसको अन्तर्गत मात्र उसको क्षमता र योग्यताको मूर्तरूप हुन सक्छ, र त्यस अन्तर्गत नै उसले आफ्नो क्षमतालाई स्थापित गर्नु पर्छ । एउटा सामाजिक प्राणीको रूपमा सामाजिक मानिसको रूपमा उसले समाजमा मात्र आफ्नो ब्यक्तित्वको, आफ्नो क्षमता र शक्तिको विकास गर्न सक्छ ।

मानिस समाजको बीचमा रहन्छ र समाजले उसलाई सामजिक मनिस बनाउँछ । यस अर्थमा हामी के भन्न सक्छौं भने मानिस समाजको उपज हो । वास्तवमा संसारमा मानिसको क्रियाशीलता सामाजिक मानिसको रूपमा हुन्छ । तर मानिस विना समाजको अस्तित्व रहँदैन र समाजको निर्माण र विकास गर्ने मानिसहरू हुन । यसरी मानिस र समाजको बीचमा अन्तर्निभरता र अन्तर्क्रिया रहन्छ । समाज भनेको ब्यक्तिहरूको जमघट होइन, बरु मानिसहरूका अन्तर्सम्बन्धहरूको अभिब्यक्ति हो भन्ने मार्क्सवादको भनाइ छ । मार्क्स यसबारे भन्छन् :

"सामाजिक ब्यक्तिको विकास उत्पादनको र सम्पदाको ठूलो आधारशीलको रूपमा देखा पर्छ" र "उत्पादक शक्तिहरू र सामाजिक सम्बन्धहरू सामाजिक ब्यक्तिको विकासका दुइटा भिन्ना-भिन्नै पक्ष" हुन् र उनले " समाज स्वयं नै अर्थात आफ्नो सामाजिक सम्बन्धहरूमा रहेको मानवीय प्राणी स्वयं" भनेर समेत लेखेका छन् । ........ *क्रमशः*

# पेरुमा नयाँ जनवादी क्रान्तिले किन धक्का खायो ?



● हस्तबहादुर के.सी. ●

सोभियत मोडेलको समाजवादको पतनसँगै विश्वकम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा पुगेको बेलामा पेरुमा नयाँ किसिमबाट सशस्त्र जनयुद्ध संचालन गरि कम्युनिष्ट आन्दोलनलाई पुनर्जीवित गर्ने कार्यमा पेरु कम्युनिष्ट पार्टी (साइनिङपाथ) ले सन् १९८१ मा ऐतिहासिक पहल गऱ्यो । पेरुमा संचालित जनयुद्धले छोटो अवधिमा गाउँ देखि शहर घर्ने सिद्धान्त बमोजिम केन्द्रीय सत्ता कब्जा गर्ने तहसम्म विकास गरेर सबै खाले संशोधनवादी, प्रतिक्रियावादी तथा अमेरिकी साम्राज्यवादको स्वर्गमा ठूलो भूइचालो ल्याइदियो । अनि पेरुका क्रान्तिकारी जनता, विश्वका भाइचाराहरूमा आशा र उत्साहको सञ्चार पैदा गरिदियो । यसको प्रभाव नेपालमा पनि निकै परेको थियो र नेपालका माओवादी क्रान्तिकारीहरूले पनि “हाम्रो झण्डा पेरुमा फरर....” भने गीत समेत घनकाएका थिए ।

सन् १९५३ मार्च ५ तारिखका दिन रुसका नेता जोसेफ स्टालिनको निधन भयो । त्यस पश्चात सोभियत रुसम प्रतिक्रान्ति भयो । यसले विश्व कम्युनिष्ट आन्दोलन र समाजवादी शिविरमा ठूलो नकारात्मक प्रभाव पाऱ्यो ।

यसैक्रममा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा माओत्सेतुङद्वारा नेतृत्व गरिएको क्रान्तिकारी धारा र ख्रुश्चेवद्वारा नेतृत्व गरिएको दक्षिणपन्थी अवसरवादी धाराका बिच भीषण दुइलाइन संघर्ष चल्यो । अन्तः अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन क्रान्तिकारी र अवसरवादी धारामा बिभाजित हुन पुग्यो । यसैक्रममा माओद्वारा प्रतिपादित सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिका निरन्तरको सिद्धान्तको मान्यताका आधारमा १९६६ देखि १९७६ सम्म महान् सर्वहारा साँस्कृतिक क्रान्ति संचालन गरियो । यो क्रान्ति एकैसाथ दुइलाइन संघर्ष र वर्गसंघर्षको एक संश्लेषित अभिव्यक्ति थियो । यसैक्रममा माओले बिचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले नै सबैथोकको निर्धारण हुन्छ भन्ने कुरामा विशेष जोड दिदै ‘तीन गर तीन नगर, एकताबद्ध होऊ नफूट, प्रष्ट र खुला होऊ, छलछाम र षडयन्त्र नगर’ भन्ने उर्दी जारी गर्नु भयो । अतः महान् सर्वहारा साँस्कृतिक एक युगान्तकारी ऐतिहासिक कदम थियो । तर सन् १९७६ सेप्टेम्बर ९ तारिखका दिन माओको निधन भयो । त्यस पश्चात चीनमा पनि प्रतिक्रान्ति भयो । त्यसले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र समाजवादी क्रान्तिको इतिहासमा अर्को गँभीर धक्का पुग्न गयो ।

यस पश्चात मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा कतिपय कम्युनिष्ट पार्टी र संगठनहरूले क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा पुनः संगठित गर्नका लागि १९८० मा पहल शुरु गरे । फलतः १९८४ मा क्रानितकारी अन्तर्राष्ट्रियवादी आन्दोलन (रिम) ९च्भखयगितष्यलबचथ क्ष्लतभचलबतष्यलर्बा ःयखभ्भलत० ९च्क्ष्ः० को गठन हुन पुग्यो । यसले कम्युनिष्ट आन्दोलनमा आशाप्रद तथा साकारात्मक भूमिका निर्वाह गऱ्यो ।

चीनको सर्वहारा साँस्कृतिक क्रान्तिको प्रभावमा चारु मजुमदारको नेतृत्वमा दक्षिणपन्थि संशोधनवादका विरुद्ध संघर्ष चलाउदै भारतमा सशस्त्र जनयुद्धको थालनी गरियो । यसले सिँगो दक्षिण एशीयामा दक्षिणपन्थी संशोधनवादको विरोध र क्रान्तिकारी कम्युनिष्ट धाराको विकासका लागि ठूला प्रभाव पारेको थियो ।

यसै प्रक्रियामा क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलनसित सम्बद्ध तथा असम्बद्ध कतिपय पार्टीहरूद्वारा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्नका लागि फिलिपाइन्स, टर्की, पेरु, नेपाल लगायतका देशहरूमा सशस्त्र जनयुद्धको प्रक्रिया अगाडि बढाइयो । भारतमा पनि सशस्त्र जनयुद्ध प्रभावकारी ढंगले विकसित हुदै गयो ।

पेरु पश्चिम दक्षिण अमेरिकी राष्ट्र हो । यसको दक्षिण प्रशान्त महासागरसँग सिमा जोडिएको छ । यो चिली र इक्वेडरको बिचमा पर्दछ । यसको क्षेत्रफल १२८५२२० वर्ग किलोमिटर छ । यसको जनसंख्या करीब ३० करोड छ । यसको राजधानी लिमा हो ।

सन् १९८० को दशकमा पेरु कम्युनिष्ट पार्टी (साइनिङ पाथ) का अध्यक्ष गोन्जालोको नेतृत्वमा संचालित जनयुद्धले पेरुमा एकैदम छिटो विकास गऱ्यो । गाउँदेखि शहर घेर्ने रणनीति अन्तर्गत त्यस जनयुद्धले राजधानी लिमा सहित तीनवटा मुख्य शहर र अन्य गावैगाउले भरिएको पेरुमा जनयुद्धले सम्पूर्ण पहाडी गाउहरू र दुइवटा शहरहरूसमेत कब्जा गरेर राजधानी लिमा कब्जा गर्न चारैतिरबाट घेराबन्दी गर्ने सम्मको विकास गरि सकेर केन्द्रीय सत्ता कब्जाको नजिक पुगि सकेको थियो ।




यसैक्रममा सन् १९९२ सेप्टेम्बर १२ तारिखका दिन राजधानी लिमा शहरको एक घरबाट अमेरिकी पिठ्यू प्रतिक्रियावादी फुजीमोरी सरकारले गोन्जालोलाई गिरफ्तार गरेर एक सैनिक जेलमा थुनेर आजीवन कारावासको सजाय सुनायो । २५ वर्ष पुरा भयो, अहिलेसम्म गोन्जालोलाई पेरुको अमेरिकी पिढ्यू प्रतिक्रियावादी सरकारको एक सैनिक जेलमै कडा निगरानीका साथ थुनामै राखिएको छ ।

गोन्जालोको गिरफतारी पछि पेरु कम्युनिष्ट पार्टी (साइनिङपाथ) का दोस्रो र तेस्रो तहसम्मका नेताहरूलाई तत्कालिन प्रतिक्रियावादी फुजीमोरी सरकारले गिरफ्तार गरेर जेलमा थुन्यो । देशव्यापी रूपमा भीषण दमनचक्र चलाइयो ।

सन् १९८१ बाट शुरु गरिएको पेरुको जनयुद्धले सन् १९९५ सम्म केन्द्रीय सत्ता कब्जा गरेर नयाँ जनवादी क्रान्ति सम्पन्न गरि सक्ने योजनाका साथ अगाडि बढिरहेको थियो ।

गोन्जालोको गिरफ्तारी पछि पनि सन् १९९५ सम्म साइनिङपाथले छापारमा युद्धलाई तीब्रगतिमा अगाडि बढाएर देश व्यापी रूपमा ध्वंशात्मक गतिविधिहरू संचालन गरिनै रहेको थियो ।

गोन्जालोको गिरफ्तारी पश्चात पेरुमा नयाँ जनवादी क्रान्तिले गंभीर धक्का खायो । प्रतिक्रियावादीहरूले भीषण दमनचक्र चलाएर पेरुभियाली जनयुद्धलाई तहस नहस पारेर सिध्याई दिने लक्ष्य राख्नु त स्वाभाविकै थियो । त्यहाँ पार्टी भित्र पनि विविध खालका समस्याहरूसँगै विचारहरू पनि पैदा हुनु स्वाभार्विकै थियो । त्यहाँ भीषण दुई लाइन संघर्ष चल्दै आएको छ । तर पनि पेरुमा जनयुद्ध रोकिएको छैन । मन्दगतिमा चलि रहेको छ । क्रान्ति अवश्यमभावी छ ।

धेरैले पेरुको नयाँ जनवादी क्रान्तिले गंभीर प्रकारको धोका खानको मुख्य कारण गोन्जालोको गिरफ्तारीलाई मात्रै लिने गरेका छन् भने कतिपयले आन्तरिक कारणलाई मात्रै बताउने गरेका छन् ।

त्यहाँको क्रान्तिले धोका खानुको मुख्य कारणत आन्तरिक नै हो, गोन्जालोको गिरफ्तारी बाह्य कारण हो । तर पनि गोन्जालोको गिरफ्तारीले क्रान्तिलाई निकै नै क्षति पुऱ्यायो । गिरफ्तारीको घटना पछि पार्टी भित्र विचारधारात्मक अन्तः संघर्ष पैदा हुनु पनि स्वाभाविक थियो, त्यो भया नै ।

यो विश्लेषण गरिरहँदा गोन्जालोको बारेमा जानकारी राख्न पनि जरुरी छ । ८२ वर्षीय कमरेड गोन्जालोको वास्तविक नाम डा. अविमायल गुज्मन रेनोसो हो । उहाँ सन् १९३४, डिसेम्बर ३ मा एरक्वेपा, एण्डिज शृङ्खला पेरुमा जन्मनु भएको हो । एरक्वेपा विश्वविद्यालयबाट विद्यावारिधि गरेका गोन्जालोले सन् १९६२ देखि १९७४ सम्म दर्शनशास्त्र बिभाग हवामांगा विश्वविद्यालय, आयाकुचो पेरुमा प्राध्यापन गर्नु भएको थियो । उहाको बिवाह सन् १९६४ फेब्रुअरीमा अगष्टा ला टोरेसँग भएको थियो । उहाँको राजनीतिक जीवन सन् १९४५ मा दोस्रो विश्वयुद्धमा फाँसीवादको पराजयमा खुसी मनाउन पेरुका वामपन्थीहरूले निकालेको जुलुसबाट गिरफ्तार भएपछि शुरु भएको थियो । उहाँ सन् १९४६ मा कम्युनिष्ट योङ ब्रिगेटको सदस्य हुनु भएको थियो । उहाँ सन १९५६ मा एरक्वेपा विश्वविद्यालयको विद्यार्थी संघको अध्यक्ष निर्वाचित हुनु भएको थियो । सन् १९६५ मा चीनको भ्रमणपछि १९६६ मा पेरु कम्युनिष्ट पार्टीको सदस्य हुनु भएको थियो र उहाँलाई सन् १९६९ मा कम्युनिष्टको आरोपमा पक्राउ गरिएको थियो । सन् १९७५ मा पेरु कम्युनिष्ट पार्टीको अध्यक्ष हुनु भएको थियो । यो पेरु कम्युनिष्ट पार्टीले सन् १९८१ मा सशस्त्र जनयुद्ध शुरु गरेको थियो । यो जनयुद्धले अपार सफलता पाइरहेको अवस्थामा प्रतिक्रियावादी फुजीमोरी सरकारले सन् १९९२ को सप्टेम्बर १२ मा पक्राउ गरि सैनिक जेलमा राखेर आजीवन कारावासको सजाय सुनाएको थियो ।

सशस्त्र जनयुद्धद्वारा सत्ता कब्जा गरि ग्रामीण इलाका हुदै शहरी इलाका घेराउ गरि केन्द्रीय सत्ता कब्जा गर्ने कमरेड गोन्जालोको रणनीति थियो । उहाँ कर्मठ, साहसी, जुझारु सिद्धान्तकार र क्रान्तिकारी योद्धा हुनुहुन्छ । पेरु कम्युनिष्ट पार्टी (साइनिङपाथ) ले गोन्जालो विचारधारालाई स्वीकार गरेको थियो । कमरेड गोन्जालो जोखिमसँग जुझ्न सधै तयार रहने र सर्वहारावर्गको विजय निश्चित हुनेमा विश्वस्त व्यक्ति हुनु हुन्छ ।

कमरेड गोन्जालोको गिरफ्तारी पछि उहाँको जीवनरक्षाको निम्ति संसारभरका क्रान्तिकारी कम्युनिष्टहरू र मानवअधिकारवादीहरूले विरोध जनाएर एक्यबद्धता जनाएका थिए । नेपालका कम्युनिष्ट क्रान्तिकारीहरू, मानवअधिकारवादी वकिलहरूले समेत विरोध जुलुस निकाले कमरेड गोन्जालोको जीवन रक्षाको माग गर्दै ऐक्यबद्धता जनाएका थिए । कमरेड गोन्जालोले २५ वर्षदेखि राजधानी लिमाको एक सैनिक जेलमा कष्टकर जीवन बिताइरहनु भएको छ । अहिले अमेरिकी साम्राज्यवाद र त्यसको पिढ्यू प्रतिक्रियावादी पेरुको सरकार कमरेड गोन्जालोदेखि आतंकित भइरहेको छ ।

पेरुमा केन्द्रीय सत्ता कब्जा गरेर सर्वहारावर्गले सत्ता हातमा लिने अवस्थामा पुगिसकेको अवस्थामा कमरेड गोन्जालोलाई तत्कालिनी गिरफ्तार गरेर साइनिङपाथले सञ्चालन गरिरहेको सशस्त्र जनयुद्धलाई तहस नहस पार्ने उद्देश्य तत्कालिन अमेरिकी पिठ्यू फुजीमोरी सरकारले सोचेको थियो । गोन्जालोको गिरफ्तारीले त्यहाँको जनयुद्धलाई ठूलो घाटा भयो । नयाँ जनवादी क्रान्तिले गंभीर प्रकारको धक्का त व्यहोर्नु पऱ्यो । यो वास्तविकता हो । तर पनि पेरुको जनयुद्ध समाप्त भएको छैन । मन्दरूपमा पेरुमा जनयुद्ध जारी छ । पेरुको परिघटनाबाट संसारभरका क्रान्तिकारी कम्युनिष्टहरूले शिक्षा लिन जरुरी छ । र अहिले पेरुमा वास्तविक रूपमा के भइराखेको छ ? क्रान्तिकारीहरूको अवस्था के छ ? त्यहाँको क्रान्तिको भविष्य कस्तो छ ? आदि बारेमा गहिरो अध्ययन अनुसन्धान र संश्लेषणको खाँचो छ ।

कमरेड गोन्जालोको गिरफ्तारीले पेरुमा नयाँ जनवादी क्रान्तिले गंभीर प्रकारको धक्का खायो । नेतृत्वको सुरक्षा गर्न नसक्नु पेरु कम्युनिष्ट पार्टी (साइनिङपाथ) को कमजोरी त रहयो नै । त्यतिले मात्र पेरुको नयाँ जनवादी क्रान्तिले गंभीर प्रकारको धक्का खाएको होइन । त्यहाँ पार्टी भित्र वैचारिक विचल पनि पैदा भयो । पुरानै तरिकाले सशस्त्र जनयुद्ध सञ्चालन गरी रहने कि शान्तिप्रक्रियामा पुगेर शान्तिपूर्ण जनसंघर्ष सञ्चालन गरेर क्रान्तिका लागि शक्ति सञ्चय गर्ने भन्ने विषयमा दुई लाइन संघर्ष सञ्चालन भइरहेको पाइन्छ । पेरुमा गोन्जालोको गिरफ्तारीले मात्र होइन पार्टी भित्र पैदा भएको वैचारिक विचलनले पनि क्रान्तिले गंभीर प्रकारको धक्का खप्नुपरेको हो । अहिले पनि त्यहाँ दुइलाइनज संघर्ष जारी छ । यसबाट विश्वभरका क्रान्तिकारीहरूले पाठ सिक्न जरुरी छ ।

हाम्रो नेपाली कम्युनिष्ट आन्दोलनमा पनि गंभीर प्रकारको दक्षिणपन्थी अवसरवादी विचल पैदा भयो । नयाँ जनवादी क्रान्ति सम्पनन गरि समाजवाद हुदै साम्यवादको दिशामा अघि बढ्नका लागि संचालित महान् जनयुद्धप्रति प्रचण्ड तथा बाबुरामद्वारा गंभीर धोका तथा विश्वासघात भएपश्चात नेपालको नयाँ जनवादी क्रान्तिले गंभीर प्रकारको धक्का खाएको छ । तर पनि नयाँ ढंगको पार्टी निर्माण गरेर हामीले पनि महान् नेपाली नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्ने उद्देश्यले क्रान्तिलाई अगाडि बढाउन दृढता व्यक्त गरि रहेका छौं । पेरु र नेपालका सन्दर्भमा भूगोल, प्राकृतिक हावा पानी, भेषभूषा, भाषा, जनसंख्या, शिक्षा-दिक्षामा फरक होला नै तर क्रान्तिका समस्याहरू समान छन् तर पेरुको जनयुद्ध सञ्चालनका मुख्य नेता प्रतिक्रियावादीको जेलमा सडाइएको छ भने नेपालका जनयुद्धका मुख्य नेतृत्व धोकेबाज र गद्दारमा परिणत भएको छ, फरक यत्ति हो । साइनिङपाथले सञ्चालन गरेको जनयुद्धले गंभीर धक्का खाएको र नेपालमा नेकपा

(माओवादी) ले संचालन गरेको जनयुद्धले गंभीर प्रकारको जुन धक्का खाएको अवस्था छ । यी दुवै देशबाट शिक्षा लिएर पाठ सिकेर महान् नेपाली नयाँ जनवादी क्रान्तिलाई दृढतापूर्वक अगाडि बढाएर समाजवाद हुँदै साम्यवादको दिशातिर अगाडि बढ्नुको बिकल्प छैन । पेरुमा क्रान्तिकारीहरूले सञ्चालन गरिएको सशस्त्र जनयुद्ध र नेपालमा संचालन गरिएको सशस्त्र जनयुद्धबाट शिक्नु पर्ने पाठ यिनै हुन् ।

## कश्मिरको पुलवामामा विद्रोहीको हमलामा ८ प्रहरीसहित १० को मृत्यु

एजेन्सी । भारत प्रशासित कश्मिरको पुलवामा जिल्लामा प्रहरी परिसरलाई लक्षित गरी भएको आत्मघाती हमलामा ८ सुरक्षाकर्मीसहित १० जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दुई जना विद्रोही रहेको बताइएको छ । प्रहरीले सो हमलामा थप एक विद्रोही समेत मारिएको तर उनको शव बरामद हुन नसकेको जनाएको छ ।

आक्रमणपछि सो स्थानबाट प्रहरीका परिवारलाई सुरक्षित रूपमा बाहिर निकालिएको थियो । जम्मु कश्मिर प्रहरीका महानिर्देशक एसपी वैदले सो घटनामा हालसम्म ८ प्रहरी र २ विद्रोही मारिएको पुष्टि गरेका छन् ।

सो घटनामा परी थप सुरक्षाकर्मी घाइते भएको र केहीको अवस्था गम्भीर रहेकाले मृतकको संख्या बढ्न सक्ने अनुमान गरिएको छ । भारतीय सेनाले कश्मिर घाटीमा यो वर्ष ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी ‘अपरेशन अल आउट’ अभियान सञ्चालन गरेको छ ।

विद्रोहीको यो हमलालाई बदलास्वरूप गरेको कारबाहीका रूपमा हेरिएको छ । सात महिनाअघि सुरु भएको अपरेशनदेखि हालसम्म १ सय ४० भन्दा बढी विद्रोहीको मृत्यु भइसकेको छ ।


यो यसवर्ष भएको तेस्रो आत्मघाती हमला हो । आक्रमणपछि सो स्थानमा मोबाइल र इन्टरनेट सेवा समेत बन्द गराइएको छ ।

बडादशैं २०७४ को
उपलक्ष्यमा देशविदेशमा रहनुभएका
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिद्धार्थ हार्डवेयर
प्रा.लि. परिवार
कालिकानगर, बुटवल फोन नं. ०७१-४३८१५६

Gulf®
गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।

# चलचित्र 'फागुन २४' बारे छोटो टिप्पणी



● प्रेम सुवेदी

क.मोहन विक्रम सिंहद्वारा लेखिएको नाटक विजयीको बिहान 'फागुन २४ गते'लाई कलाकार हेमराज आश्रमले चलचित्रको रूपमा निर्देशन गरेका छन् । उक्त चलचित्र देशका कतिपय हलमा प्रस्तुत गरिएको र प्रदर्शन कार्यलाई निरन्तरता दिने आयोजक संस्था रक्तिम सास्कृतिक अभियान काठमाण्डौ महानगरले जानकारी दिएको छ । चलचित्र क्षेत्रमा फागुन २४ को त्यति चर्चा नभए पनि आयोजकको प्रयत्नप्रति सद्भाव राख्नु वाञ्छनीय नै हुनेछ ।

जहाँसम्म चलचित्रको विषयवस्तु तथा कलापक्षको प्रस्तुति छ, त्यसप्रति त्यति धेरै टिकाटिप्पणी भएका छैनन् । तर, टिकाटिप्पणीभन्दा बाहिर त्यो चलचित्र छ भन्नु अर्को अतिसयोक्ति हुनेछ । चलचित्र फागुन २४ लाई सरर्सती हेर्दा त्यसमा चलचित्रको गुण कम र नाटकको भूमिका बढी देखिन्छ । हुन त उपरोक्त चलचित्रलाई २०४५ सालमा नाटकको रूपमा प्रस्तुत गरिएको र ती दृष्य पनि यो पक्तिकारले हेर्ने मौका पाएकोले आफ्नो मानसपटलमा त्यो नाटक नै भन्ने बुझाई भएर हो वा त्यसले चलचित्रको गुण प्राप्त गर्न नसकेको ले हो । त्यो विषयमा छलफल चल्दै जानेछ । चलचित्रको निर्माण त्यसमा रहेको कलापक्षको भुमिकालाई हेर्दा त्यति धेरै प्रशंसनीय देखिदैन । त्यसमा कलापक्ष एकदमै कमजोर नै देखिन्छ । जब कलापक्ष कमजोर हुन्छ, त्यसले समग्रमा विषयबस्तुलाई पनि कमजोर नै वनाउँछ । त्यसप्रति लेखक तथा निर्माताहरूको विशेष ध्यान पुग्नु पर्ने देखिन्छ । हुनत प्रगतिशिल कला साहित्य को क्षेत्रमा ठुलो खडेरी परिरहेको पृष्ठभूमिमा यो फागुन २४ चलचित्र बजारमा आउनु आफैमा सकारात्मक पक्ष हो । तर, त्यो भनेर मात्र चित्त बुझाउने संस्कारले हामीलाई सही ठाउँमा पुऱ्याउदैन । माओले भनेका छन्, जुन साहित्य वा कलामा 'सौन्र्दय हुँदैन, त्यो वास्तवमा कला साहित्य हुँदैन् ।' उपरोक्त कथनलाई लेखक तथा विशेष गरेर निर्माताले ध्यान दिनुपर्ने देखिन्छ । चलचित्र फागुन २४ ले दिने खाजेको सन्देश जति राम्रो छ तर त्यो सन्देशलाई कलापक्षले आत्मसात गर्न त्यति सकेको देखिदैन । यसको अर्थ कलापक्षमा गरिएको मेहनतप्रति उपेक्षा गर्न खाजिएको होइन । जुन उचाइमा कलाको भूमिका हुनुपर्ने हो, त्यो भएन भन्ने नै हो ।

क.मोहन विक्रम सिंहले २०१० सालमा प्युठानमा भएको किसान आन्दोलनलाई मुल आधार बनाएर लेखिएको उक्त कथालाई चलचित्रका रूपमा प्रस्तुत गर्दा त्यो सग जोडिएका प्राविधिक तथा एकेडेमिकपक्षमा त्यति ध्यान नदिएको पाइन्छ । कथावस्तु उपयुक्त हुनु आफैमा सफलता मानिदैंन चलचित्र क्षेत्रमा । त्यसको सफलतासँग विषयवस्तुका साथै मूलतः कला पक्षले महत्व राख्दछ भन्ने कुरामा त्यति गाम्भिर्यता देखिदैन । कुनै पनि विषयको प्रस्तुती समकालिन घटना, पात्रा, संस्कृति तथा भेसभुषालाई अलग गरियो भने त्यसको सत्व गुमेजस्तै हुन्छ । र ,चलचित्र फागुन २४ मुख्यतः




ती विषयमा चुकेको नै देखिन्छ । विशेष गरेर कलाकारहरूले प्रयोग गरेका भेसभुषा, भाषा र अन्य सामाग्रीहरूले तत्कालिन समयको भावनालाई बोकेको देखिएन । त्यति मात्र होइन दिउसो खेतवारीमा काम गरिरहेका किसान , घास दाउरा गरिरहेका महिलाहरूको दृष्य पुरै अन्धकार जस्तै देखिन्छ । त्यो प्रविधिक रूपमा भएको गम्भिर तुर्टि नै हो । जसले चलचित्रलाई जीवन्त बनाउन सकेन । पात्रहरूको अलग अगल भुमिकाको सन्दर्भमा पनि त्यति संयोजन हुन नसकेको देखियो । जस्तो घासँ दाउराका बखत प्रयोग गरिएका ड्रेसहरू सबै ठाउँमा प्रस्तुत गर्नु पनि त्यति शोभनीय देखिएन । कलाक्षेत्रमा देखिएका यी कमजोरीलाई हटाउने र त्यसलाई थप परिस्कृत गर्ने हो भने चलचित्रले रामै सन्देश दिनेछ । त्यसका लागि आयोजकहरू गम्भिर हुनुपर्ने देखिन्छ । चलचित्र फागुन २४ को कलापक्षमा देखिएका यी कमजोर पक्षलाई सच्चाउने दिशामा सहयोग पुगोस भन्ने हेतुले नै यो टिप्पणी गरिएको हो ।

चलचित्रको अर्को महत्वपूर्ण पक्ष त्यसमा अन्तरनिहित विचारपक्षप्रति पनि थोरै कुरा राख्नु सान्दर्भिक नै हुनेछ । क. मोहनविक्रम सिंहले किसान आन्दोलनलाई उठाउने उद्देश्यद्वारा प्रेरित भएर नै यो कथा लेख्नु भएको कुरामा कुनै शंका छैन । तर, त्यो कथालाई उहाँले समग्र देशमा चलेका समकालिन किसान आन्दोलनको एउटा पक्षको रूपमा भन्दा पनि यो नै यस्तो परिघटना बताउन खोजेको देखिन्छ कि त्यो बाहेक अन्य आन्दोलन त्यति महत्वका थिएनन् वा त्यसप्रति उहाँको दृष्टिकोण नपुगेको हो ? यो सम्वेदनशिल विषय बनेको छ । नेपाल कम्युष्टि पार्टीको नेतृत्वमा २००८ साल देखि शुरु भएको किसान आन्दोलनको क्रममा नै प्युठानमा किसान आन्दोलन भएको कुरा देखिन्छ । देशका अन्य भागहरू मुख्य गरेर बारा पर्सा रौतहटका किसान विद्रोहहरूले देशका अन्य भागमा प्रभाव पारेको र विशेष गरेर सुदुरपश्चिम कञ्चनपुर कैलालीमा भीमदत्त पन्तको नेतृत्वमा भएको किसान विद्रोहप्रति त्यत्ति ध्यान दिएको पाइँदैन । भीमदत्त पन्तको नेतृत्वमा भएको विद्रोह वास्तवमा सामन्त, जमिन्दार तथा भारतीय विस्तारवादका विरुद्धमा प्रतिरोध थियो । तर त्यो विद्रोहप्रति तत्कालिन पार्टी नेतृत्वले उचित न्याय दिन त सकेन । बरु उल्टै त्यसप्रति घृणा फैलाउने काम गरेको पाइन्छ । यस विषयमा क. मोहन विक्रमले सिंहले किसान आन्दोलनलाई मुल आधार बनाएर चलचित्रको कथा लेख्दा त्यसप्रति थोरै पनि चर्चा गरेको देखिदैन । माथि उल्लेखित किसान आन्दोलनप्रतिको मौनाताले स्वंय प्युठानको किसान आन्दोलनलाई अरु आन्दोलनबाट अलग गरेको देखिन्छ । निश्चय नै एउटा विषयमा कुनै निबन्ध वा कथा लेख्दा त्यसै सर्न्दभमा केन्दीत हुनु स्वभाविक हो, तर त्यसको पृष्ठभुमिप्रति नै नजरअन्दाज गर्नु सामान्य विषय होइन । यो विषय पनि ध्यान प्रगोस् । चलचित्र फागुन २४ मा प्रस्तुत विषयमा पनि कतिपय कुराहरू त्यति स्पष्ट देखिदैन । जस्तो किसानहरूले साहु महाजन वा जमिदार विरुद्ध जुन संघर्ष गरेर विजय प्राप्त गरे, त्यो विजयी उत्सवमा किसानसँग साहु महाजन तथा जमिदारहरू जुलुसमा हिडेको जुन दृष्य छ त्यो त्यति सार्न्दभिक देखिँदैन । किसानको संघर्ष मूलत साहु महाजन शत्रुतापूर्ण नै थियो । तर त्यो दृष्यले संभौतापरस्त नीतिको नै पक्ष पोषण गरेको देखिन्छ, सायद यो कला पक्षमा देखिएको कमजोरी हो वा लेखकको कथामा आधारित हो त्यो अलि अस्पष्ट नै छ । क्रान्तिकारी आन्दोलनको क्रममा देखिने अवसरवादप्रति जति वैचारिक राजनैतिक आलोचना तथा भण्डाफोरको आश्यकता छ । तर त्यो चलचित्रले त्यो विषयमा पनि स्पष्ट गर्न सकेको देखिदैन । आन्दोलनको क्रममा पलायन भएकाहरूको राजनैतिक आलोचनाका पक्ष त्यति ध्यान गएको देखिएन । यसका साथै चलचित्र फागुन २४ मा संम्वादको पक्ष पनि प्रभावकारी देखिएन र गीतसंगीतमा पनि उपयुक्त प्रकारको संयोजन पाइएन ।

अन्त्यमा, चलचित्र फागुन २४ ले जुन सन्देश दिन खोजेको छ, त्यसलाई सम्मान गर्दै किसान आन्दोलनलाई इतिहासको एउटा घटनाको रूपमा मात्र होइन, त्यसको आवश्यकता आज पनि त्यतिकै छ भन्ने कुरा लेखक तथा निर्माताहरूले ध्यान पुऱ्याउनु पर्ने देखियो । यो विषयमा पनि त्यति ध्यान पुगेको पाइदैन ।

## कविता

### शोषणको परिभाषा !



हुचरा

पुँजी ! बजार !!!
मैले निकै वर्ष विताएँ, पुँजी आर्जनका लागि,
जुँगा मुसारेर जि हजुर गरेको धेरै वर्ष भयो ।
यो जि, हजुर बाबुको मात्रै सम्पत्ती होइन,
यसमा बाजे बराजुको पनि अँश मिसिएको छ,
मसम्म आउँदा यो जि हजुरको केही अँश मात्रै बाँकी रहेको छ
छोराछोरीले यो जि, हजुरलाई निमिट्यान्न पार्दै छन् ।
तर, जुँगा मुसारेर होइन, मुन्टो निहुऱ्याएर,
पुरानो जुगमा जुँगा पालेरै जि, हजुरीको चलन थियो 'रे ।
तथाकथित धर्मशास्त्रहरूले
मानिसलाई दाशको रूपमा पाल्ने चलन थियो भनेर लेखिएको सन्देश
तिनै धर्मशास्त्रका कुनाकन्तरामा कतैकतै भेटिन्छ
तर अहिले नयाँ प्रकारको दाश प्रथा शुरु भएको छ ।
पहिले पहिले पुँजीपतिहरू पुँजीको शिकार गर्थे
त्यो शिकारका साथी मानवरूपी दाशलाई बसाइन्थ्यो
अहिले, पुँजीपतिहरू मेसिनबाट पुँजीको शिकार गरिहेका छन्
मानव प्रयोग गरेर गरिने शिकारभन्दा
मेसिन प्रयोग गरेर गरिने शिकार
अझै खतरनाक हुन्छ भन्ने कुरा शिद्ध हुदैछ ।
यस्ता खतरनाक शिकारी सानो देशमा बस्तैनन्,
ठूलो र फराकिलो ठाउँबाट ताकेको शिकार ठुलै हुन्छ ।
विलगेट्स जस्ता शिकारीका कारण
विश्वको पुँजी सीमित मानिसहरूको हातमा
ढँगुर लागेको लाग्यै छ तै पनि उनीहरूलाई पुगेको छैन ।
जुँगामा ताउ लगाउँदै उनीहरू पुँजी बजारमा लम्किरहेका छन्,
लम्किइ नै रहने छन् ।
हाम्रो समाजका पूँजीका शिकारीहरू,
सन्सामा उत्पादित बिलासिताका सामग्रीहरू
भित्र्याएर सर्वहाराको वजारमा बिक्री गरिरहेका छन्
नाफा कमाइरहेका छन् र भनिरहेका छन्
हामी विश्व प्रतिस्पर्दामा लँकिरहेका छौं ।
यो दिवा सपनाले यहाँ पनि सामन्तका अवषेशहरू
मोटाइ रहेका छन्, फस्टाइरहेका छन्
उनीहरू भन्छन् 'नयाँ प्रयोगलाई शोषण भनिदैन ।'
उसो भए शोषणको परिभाषा के त !

## नौ वाम घटकको संयुक्त वक्तव्य

काठमाडौं । भारतको पाँच दिने भ्रमण गरेर नेपाल फर्केका प्रधानमन्त्री शेरबहादुर देउवालाई राष्ट्रहीत विपरीत कुनै सहमति नगर्न भनी संयुक्त रुपमा नौं वामघटकले ६ भदौमा संयुक्त वक्तव्य जारी गरेका थिए ।

मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल), नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा, सी.पी. मैनाली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (माले), चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, सीपी गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, साध्यबहादुर भण्डारी नेतृत्वको जनमोर्चा, नेपाल र सुवासराज नेतृत्वको जनसमाजवादी पार्टी, नेपाल लगायतका वाम पार्टीहरुले संयुक्त रुपमा हस्ताक्षरित वक्तव्यमा भनिएको थियो, 'नेपाल र भारत प्राचीन कालदेखि निकट मैत्री सम्बन्ध भएका मुलुकहरु हुन् । नेपालले आफ्ना सबै मित्र राष्ट्रहरु र विशेषतः छिमेकी देशहरुसित पंचशीलको आधारमा सम्बन्ध सञ्चालन गर्ने अभ्यास गर्दै आएको छ । यद्यपि विगतमा यस सन्दर्भमा उतार-चढाव र कटु व्यवहार पनि नदेखिएका होइनन् । नेपाल सरकारका वर्तमान प्रधानमन्त्री श्री शेरबहादुर देउवा २०७४ भाद्र ७ गते भारत भ्रमणमा जाँदै हुनुहुन्छ । यस भ्रमण कालमा नेपालको पञ्चशीलको नीतिमा आधारित तटस्थ परराष्ट्र नीति कार्यान्वयन गर्न, राष्ट्रिय हित संरक्षण गर्ने सवालमा कुनै विवादित र अनुचित कार्य नगर्न र विगतमा भएका गल्ति कमजोरीहरुलाई सच्याउन गम्भीर ध्यान आकर्षण गराउन यो संयुक्त वक्तव्य जारी गरेका छौं ।' वक्तव्यमा १५ बुँदामा प्रम देउवालाई ध्यानाकर्षण गराइएको थियो ।

१. सन् १९५० लगायतका असमान सन्धि सम्झौताहरु खारेज गर्ने ।

२. माथिल्लो कर्णाली र अरुण तेस्रो सम्झौता खारेज गर्ने ।

३. महाकाली सन्धि खारेज गर्ने ।

४. विराटनगर स्थित भारतीय सुरक्षा क्याम्प हटाउने ।

५. नेपालको भूमिमा भारतीय एयर मार्सल राख्ने भारतीय पक्षको प्रस्ताव अस्वीकार गर्ने ।

६. नेपालको राष्ट्रिय हित र स्वाभिमान विपरीतको भारतीय पक्षद्वारा प्रस्तावित सुपुर्दगी सन्धि अस्वीकार गर्ने ।

७. नेपाल भारतको सिमानामा अन्तर्राष्ट्रिय कानून विपरीत भारतले एकतर्फी रुपमा निर्माण गरेका सडक, बाँध आदि संरचनाका कारणले नेपालमा ठूलो भूभाग डुबानमा परेको छ । त्यसबाट बचाउनका लागि नदी, खोलाका प्राकृतिक बहावलाई खुला गराउन सीमा नजिकका उक्त संरचनाहरु हटाउने ।

८. कोशी बाँध, गण्डक बाँध र महाकाली व्यारेजले गर्दा वर्षेनी नेपाल र त्यहाँका वासिन्दाहरुले ठूलो क्षति व्यहोर्नु परेको छ । त्यसको क्षतिपूर्ति माग गर्ने ।

९. विगतमा भएका सन्धि सम्झौता अनुसार नेपालले प्राप्त गर्ने भूमि प्राप्त गर्न पहल गर्ने । नेपालको विभिन्न सीमा क्षेत्रमा अतिक्रमण गरिएका भूमि फिर्ता गर्ने । नेपाल भारतको सीमालाई व्यवस्थापन गर्ने ।

१०. नेपाल भारत बीच भएको व्यापार सम्बन्धी सहमति र पारवहनको अधिकार निर्वाध रुपमा कार्यान्वयन गर्ने ।

११. सीमा क्षेत्रका जनतालाई भारतीय सुरक्षाकर्मीद्वारा भएको ज्यादती रोक्ने र पीडितलाई क्षतिपूर्ति दिने ।

१२. तात्कालिक प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डले भारत भ्रमणको बेलामा गरेको २५ बुँदे सहमतिमा रहेको नेपालको विदेश नीतिलाई भारतीय विदेश नीति अनुरुप बनाउने प्रावधानहरु हटाउने ।

१३. नेपालस्थित भारतीय दूतावासले नेपाल सरकारलाई सूचना मात्र दिएर साना विकास परियोजना सञ्चालन गर्न पाउने विगतको सम्झौताको अवधि समाप्त भएकाले त्यसलाई नवीकरण नगर्ने ।

१४. नेपालमा उत्पादित वस्तुहरु, यातायात र पारवहनका साधनहरुलाई भारत प्रवेशमा नेपालले प्राथमिकता पाउने व्यवस्था मिलाउने ।

१५. राष्ट्रिय हित विपरीत जानेगरी कुनै पनि विवादास्पद र गोप्य सहमति तथा सम्झौता नगर्ने ।

## देउवाले...

मागको समेत अपमान हुन पुगेको केही विश्लेषकहरूले दावी पनि गरेका छन् । उनीहरूले भनेका छन्, "संविधानप्रतिको असन्तुष्टि भारतको हो भन्ने पुष्टि गराउन देउवा सफल भएका छन् ।"

नयाँ संविधानप्रतिको भारतीय असन्तुष्टि २०७२ असोज ७ को इन्डियन एक्सप्रेसमा छापिएको एउटा समाचारबाट पनि प्रस्ट भएको थियो । 'मेक सेभेन चेन्जेज टु योर कन्स्टिच्युसन : इन्डिया टेल्स् नेपाल (संविधानमा सात परिवर्तन गर्नू : नेपाललाई भारतको आग्रह) शीर्षक समाचार प्रकाशित भएपछि संविधानप्रति उसका असन्तुष्टि सार्वजनिक भएका थिए । इन्डियन एक्सप्रेसमा समाचार छापिएपछि भारतीय परराष्ट्र मन्त्रालयका प्रवक्ता विकास स्वरूपले उक्त समाचार यथार्थ नभएको भन्दै भारतले यस्तो कुनै खास सूची नदिएको उल्लेख गरेका थिए । उनले यसो भने पनि संवाददाताका तर्फबाट यसमा थपिएको छ, 'दिल्लीले काठमाडौंलाई यी बुँदाबारे जानकारी गराएको इन्डियन एक्सप्रेसले आफ्नो स्रोतसँग पुष्टि गरेको छ । हामी हाम्रो समाचारप्रति विश्वस्त छौं ।' (हेर्नुहोस् सेप्टेम्बर २४, २०१५ को इन्डियन एक्सप्रेस अनलाइनमा शुभजित रोयले लेखेको समाचार) ।

तत्कालीन सिक्किमको संविधानमा ८ संशोधनपश्चात् आफ्नो देशमा विलय गराउन सफल भएको भारतले नेपालको संविधानमा प्रस्ताव गरेको ७ संशोधनको आशय नेपालको सिक्किमीकरण भएको राजनीतिक विश्लेषकहरूको ठहर छ ।

विशाल दुई छिमेकी राष्ट्रको बीचमा रहेको नेपालको विशिष्ट भूराजनीतिक स्थितिबाट फाइदा उठाउँदै भारतले नेपालका दलाली मानसिकता बोकेका शासकहरूबाट अनगिन्ती फाइदा लिंदै आएको छ । चीन र भारतका बीच डोक्लाम क्षेत्रमा विवाद चर्किरहेको बेला देउवाको भारत भ्रमण गराएर नेपाल आफ्नो पक्षमा रहेको सन्देश दिन सफल भइसकेको भारतले डोक्लाम क्षेत्रमा अहिले चीनका विरुद्ध गोर्खा सेनालाई परिचालन गरेको छ । चीनले नेपाललाई कुटनीतिक सन्तुलन कायम राख्न निरन्तर खबरदारी गर्दै आएको छ र पछिल्ला दिनहरूमा उनीहरूको उपस्थिति नेपालमा बाक्लिदै गएको छ ।

खासगरी सुशील कोइरालाको पालामा नेकपा एमालेका तर्फबाट परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले भारतीय विदेश मन्त्री सुस्मा स्वराजको नेपाल भ्रमणका बेला २६ जुलाइ २०१४ मा जारी संयुक्त वक्तव्यको बुँदा नं. ६ मा भारत र नेपाल अन्तर्राष्ट्रिय मामिलामा समान धारणा राख्छन् भन्नेमा सहमति जनाएपछि र उक्त बुँदालाई हुँबहु तत्कालीन प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणका बेला १६ सेप्टेम्बर २०१६ जारी २५ बुँदे संयुक्त वक्तव्यको बुँदा ११ राखेर नेपालको विदेश नीति विधिवतरूपमा भारतलाई बुझाउने काम भएपछि चीनले नेपाललाई निरन्तर शंकाको दृष्टिले हेर्दै आएको छ । चीन नेपाललाई तटस्थ भूमिमा हेर्न चाहन्छ ।

देउवाको भारत भ्रमणबारे वर्गदृष्टि साप्ताहिकलाई दिएको अन्तर्वार्तामा नेकपा (क्रान्तिकारी माओवादीका अध्यक्षले भनेका छन्, "प्रधानमन्त्री देउवाको भारत भ्रमण नकारात्मक नै रह्यो । जलस्रोतका क्षेत्रमा माथिल्लो कर्णाली, अरुण तेस्रो, पञ्चेश्वर लगायतका परियोजनाप्रति फेरिपनि आत्मसमर्पणवादी नीति नै अवलम्वन गरियो । सीमा क्षेत्रका डुवानका समस्यामाथि विशेष ध्यानदिँदै भारतले लगाएका बाँधहरू र दशगजा क्षेत्र मिचेर बनाएको सडक भत्काउनेबारे गंभीरतापूर्वक विषयवस्तु पेश गरिनु पर्दथो । त्यसमाथि कुरै गरिएन । संविधान संशोधन गर्न सकिएन र दुई तिहाई पुऱ्याई गरिन्छ भन्ने अभिव्यक्ति दिएर फेरिपनि भारतीय शासकवर्गप्रति भक्तिभाव जाहेरगर्ने र नेपालको राष्ट्रिय सम्मानमा गम्भीर चोट पुऱ्याउने काम भयो ।"

स्मरण रहोस् कि देउवाको दिल्ली भ्रमणको पूर्वसन्ध्यामा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा लगायतका ८ वटा वाम घटकहरूले संयुक्त रूपमा एक सार्वजनिक वक्तव्य जारी गरी नेपालको अहित हुने गरी कुनै पनि सहमति नगर्न १५ बुँदे ध्यानाकर्षण गराएका थिए । त्यसैगरी पञ्चेश्वरलगायतका असमान सन्धिसम्झौता खारेजीको माग गर्दै विभिन्न क्षेत्रका २१ जना बुद्धिजीवीहरूले ध्यानाकर्षण गराएका थिए । एमाले लगायतका राजनीतिक पार्टीका नेताहरूले पनि देउवालाई राष्ट्रको अहितमा कुनै काम नगर्न खबरदारी गरेका थिए । तर ती सबै खबरदारीहरूलाई लत्याउँदै देउवाले विगतका शासकहरूले लगाएको राष्ट्रघातको चाङमाथि अर्को चाङ थपे ।

क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण' भन्छन्, " नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अति गंभीर र अति संवेदनशील बन्दै गएको छ । यस विषयलाई हामीले गंभीरतापूर्वक लिनु पर्दछ । हामीले एकातिर सम्पूर्ण देशभक्तहरूलाई एकजुट बनाई राष्ट्रिय संयुक्तमार्चा बनाउने र अर्कोतिर आफ्नै स्वतन्त्र पहलमा समेत राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउनेबारे विशेष गंभीर बन्नै पर्दछ ।"

## भ्रष्टाचारको...

सरकार प्रमुख, उच्च पदस्थ व्यक्तिहरू र ठूला भनिने पार्टीका नेताहरूलाई हात लिएको हुँदा उनीमाथि कारबाही भएन । जस्तो लेखमा भनिएको छ, 'तत्कालीन आपूर्तिमन्त्री गणेशमान पुनले यस विषयमा छानविन गर्ने दुईवटा समिति बनाए ३ मंसिर ०७२ मा आपूर्ति मन्त्रालयका तत्कालीन सहसचिव जीवराज कोइरालाको नेतृत्वमा र ११ मंसिरमा सचिव इन्द्रप्रसाद उपाध्यायको नेतृत्वमा । अघिल्लो समितिले केही सिफारिश गर्न सकेन भने पछिल्लाले खड्कासँग स्पष्टीकरण सोधेर चित्तबुझ्दो जवाफ नदिएको भन्दै १९ मंसिरमा कारबाहीको सिफारिश गऱ्यो । तर तत्कालीन प्रधानमन्त्री केपी ओलीले 'संकटको बेला मिलेर काम गर्नु पर्दछ' भन्दै कारबाहीको फाइल मन्त्रिपरिषद्मा नल्याउन मन्त्री पुनलाई भनेपछि खड्का सहजै जोगिए । पुनलाई आफ्नै पार्टी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत कारबाही नगर्न सुझाएका थिए ।' पृ.३५

लेखमा अझ अगाडि भनिएको छ 'माओवादीसँग त झन् खड्काको विशेष सम्बन्ध छ । यस्तो सम्बन्ध जोडिदिएका हुन्, भारतका पेट्रोलियम र रक्सीको कारोबार गर्ने अर्जुन क्षेत्रीले । अहमवादमा पेट्रोलियम पदार्थजन्य फोहोर प्रशोधन गर्ने विराट पेट्रोलियम नामको कम्पनी छ, क्षेत्रीको । द्वन्दकालमा माओवादीका धेरै नेता सिक्किम स्थिति क्षेत्रीको र उनैले खोजिदिएको सेल्टरमा बसेका थिए ।' पृ.३५

उक्त लेखमा अझ अगाडि भनिएको छ 'क्षेत्रीले (अर्जुन क्षेत्रीले) नेपालमा ०६५ मा विराट पेट्रोलियम नामको कम्पनी दर्ता गराएका थिए । उनले प्रचण्डसँग सम्बन्ध बनाइदिने र बदलामा नेपालमा पेट्रोलको कारोबार गर्न पाउने सहमति खड्कासँग गरेका थिए ।' पृ.३५ दलाल पुँजीपति, भ्रष्टाचारीहरू र पार्टीका नेताहरूको सम्बन्ध कहाँ कसरी र किन हुन्छ भन्ने यो एउटा नमूना हो ।

एमाले र माओवादी केन्द्रका नेताहरूको मात्र होइन, ने.कां.को नेताहरूको खड्कासँगको सम्बन्ध बारेमा लेखमा भनिएको छ 'प्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता शेरबहादुर खेउवासँग पनि खड्काले सम्बन्ध जोडेका छन् । पेट्रोलियम ट्यांकर ढुवानी संघका अध्यक्ष खगेश्वर बोहरा, जो महेन्द्रनगरका हुन्, मार्फत् उनले देउवासँग सम्बन्ध बनाएका हुन् ।' उही पृ. ३५ लेखमा अर्का तथ्य पनि बाहिर ल्याएको छ । लेखमा भनिएको छ 'हालका अख्तियार प्रमुख दीप बस्न्यात र खड्का दुवै एउटै पार्टीबाट नियुक्ति पाएका कारण पनि हुनसक्छ अख्तियारले खड्काको कर्तुतमा आँखा चिम्ल्याएको हो ।' उनी पृ. ३५ यसले अख्तियार प्रमुख र खड्काबीचमा पनि सम्बन्ध छ भन्ने कुरा प्रष्ट पारेको छ । लेखकको अन्तमा भनिएको छ 'यसबाहेक सबै राजनीतिक दल र तिनका नेतासँग निकट सम्बन्ध बनाएकाले पनि उनी सुरक्षित छन् ।' उही पृ. ३५

लेखमा आएको तथ्यहरूबाट के प्रष्ट भएको छ भने आयल निगमका 'घोटाला निर्देशक' गोपाल बहादुर खड्कासँग एमाले अध्यक्ष केपी ओलीको सम्बन्ध छ । उनले आफू प्रधानमन्त्री हुँदा आपूर्ति मन्त्रीलाई कारबाहीको फाइल मन्त्रिपरिषद्मा नल्याउन निर्देशन दिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पनि कारबाही नगर्न सुझाए । ने.कां.को अध्यक्ष विद्यमान प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि अख्तियार प्रमुखको राम्रो सम्बन्ध भएको कुरा पनि लेखमा उल्लिखित तथ्यहरूले प्रष्ट पार्दछ । यसरी आयल निगममा हुने घोटालामा केपी ओली, प्रचण्ड, शेरबहादुर देउवा र अख्तियार प्रमुख दीप बस्न्यातको बीचमा राम्रो सम्बन्ध भएकोले खड्माथि कारबाही हुन नदिन निर्देशन दिने गरेको, खड्का गरेको काण्डप्रति आँखा चिम्लने गरेको देखिन्छ । आयल निगमको घोटाला काण्ड एउटा उदाहरण मात्र हो । यस्ता घोटाला, अनियमितता र भ्रष्टाचार राज्यको हरेक क्षेत्रमा भइरहेको छ । यस्तो किन भइरहेको छ भने राज्यसत्ताको विभिन्न अंगमा बस्ने उच्च पदाधिकारीहरू र ठूला भनिने राजनीतिक दलका नेताहरूबीचको मिलमतोबाट नै यसप्रकारका कामहरू भइरहन्छन् । पञ्चायतकालदेखि अहिलेसम्मको अनियमितता, घोटाला र भ्रष्टाचारको पृष्ठभूमि हेऱ्यौ भने यही कुरा पुष्टि हुने तथ्य आउँछ ।

आयल निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्काले जुन प्रकारको अनियमितता र घोटाला गर्दै आएका छन्, त्यसको पछाडि एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको सहयोग र समर्थन छ भन्ने कुरा लेखमा उल्लिखित तथ्यहरूले प्रष्ट पारेको छ यसले यी दुई नेताको चरित्रको बारेमा मात्र प्रश्न उठाउँदैन कि सिंगो पार्टी एमाले र माओवादी केन्द्रको चरित्रमा पनि प्रश्न उठाएको छ । एमाले र माओवादी केन्द्रले आफूलाई एक नम्बरको कम्युनिष्ट बताउँछन् । कम्युनिष्ट पार्टीले आम शोषित पीडित जनता मुख्यत मजदुर किसानको हितको लागि काम गर्ने पार्टी हो । तर उनीहरूको व्यवहारले के देखायो भने ती पार्टीहरूले मजदुर किसानको हितमा होइन कि दलाल तथा नोकरशाह पुँजीपति वर्ग र भ्रष्टाचारीहरूको पक्षमा काम गरिरहेका छन् । पूर्वअख्तियार प्रमुख लोकमानसिंह कार्कीलाई यो भ्रष्टाचारी हो भनेर जनस्तरबाट व्यापक विरोध हुँदाहुँदै पनि ने.कां., एमाले र माओवादी केन्द्र मिलेर अख्तियार प्रमुखमा नियुक्त गरेका हुन् । यद्यपि पछि उनीहरूको बीचमा केही स्वार्थ नमिलेको हुनाले लोकमानसिंह कार्कीलाई महाअभियोग लगाए । अख्तियार प्रमुख पदजस्तो पदमा नियुक्त गर्नै नहुने मान्छेलाई जनताको विरोधको बाबजुद नियुक्त गरेर पछि आपसी स्वार्थ नमिलेपछि महाअभियोग लगाउने कुराले ने.कां., एमाले र माओवादी केन्द्रको जनविरोधी चरित्रलाई प्रष्ट पार्दछ । ०४६ सालपछिदेखि हालसम्म ने.कां. र एमाले०६४ सालदेखि हालसम्म माओवादी केन्द्रले सत्तामा गएर गरेको सबै गतिविधिलाई विश्लेषण गर्ने हो भने ती पार्टीले नेपालका मजदुर किसानहरूको हितमा होइन, दलाल नोकरशाह पुँजीपतिहरू, भ्रष्टाचारीहरू र तस्करहरूको पक्षमा नै काम गर्दै आएका छन् । नेपाली कांग्रेस दलाल तथा नोकरशाही पुँजीपति वर्गकै प्रतिनिधित्व पार्टी भएको हुनाले उसले त्यस प्रकारको काम गर्नु स्वाभाविकै हो । तर आफूलाई कम्युनिष्ट पार्टी भन्ने तर काम तिनै शोषकवर्ग र भ्रष्टाचारीहरूको पक्षमा गर्ने एमाले र माओवादी केन्द्रले आज श्रमिक जनतामा व्यापक भ्रम पार्न सफल भएका छन् । एमाले र माओवादी केन्द्रले पनि वास्तवमा मजदुर किसानहरूको हितमा होइन शोषक वर्गकै पक्षमा काम गरिरहेका छन् । त्यसैले ती पार्टीहरू सच्चा कम्युनिष्ट पार्टी होइनन् । यो कुरामा आम श्रमिक जनता प्रष्ट हुनु पर्दछ ।

अनियमितता, भ्रष्टाचार, घोटालाजस्ता कुराहरू संसदीय व्यवस्थाको मूल विशेषता नै हो । जबसम्म पुँजीवादी संसदीय व्यवस्था कायम रहन्छ, त्यसबेलासम्म यस प्रकारको भ्रष्टाचारहरू, अनियमितता र घोटालाहरू भइरहन्छन् । किनभने यी चिजहरू संसदीय व्यवस्थाको मूल विशेषता नै हुन् । लेनिनले भन्न भएको थियो कि यो संसदीय व्यवस्थामा इमान्दार कुनै पार्टी वा व्यक्ति गएर त्यहाँ हुने शोषण, उत्पीडन, भ्रष्टाचार र अनियमिततामा कुनै परिवर्तन हुँदैन । किनभने मूल राज्यसत्ता दलाल तथा नोकरशाह पुँजीपतिहरूले, भ्रष्टाचारीहरूले, तस्करहरूले चलाइराखेका हुन्छन् । त्यसैले प्रतिक्रियावादी बनिबनाउ राज्यसत्तालाई कब्जा गर्ने होइन कि त्यसलाई ध्वस्त पार्ने, धुलोपिठो पार्ने र त्यसको ठाउँ श्रमिक वर्ग, मजदुर, किसानहरूको नयाँ राज्यसत्ता स्थापना गरेर मात्र शोषण, दमन, भ्रष्टाचार, अनियमितता आदिलाई जरैदेखि निर्मूल पार्न सकिन्छ । त्यसकारण हाम्रो मुख्य कार्यभार भनेको यस प्रकारका भ्रष्टाचारहरूको विरुद्ध संघर्ष गर्दै मूलतः यो प्रतिक्रियावादी संसदीय व्यवस्थालाई धूलोपिठो पारी जनवादी सत्ता स्थापना गर्ने दिशामा लाग्नुपर्दछ ।

## जनयुद्धको...

सेनाको बलमा स्थानीय रूपमा जनसत्ता र आधार ईलाका खडा भए । सर्वहारा वर्गको यो अद्वितिय पूँजी वास्तवमा विश्वका सर्वहारा वर्गले सर्वहारा वर्गले अध्ययन गर्न लायक छ र रहीरहने छ ।

विडम्बना के छ भने सामन्तवाद, साम्राज्यवाद र विस्तारवादको यति ठुलो घेराबन्दी र दमनले समाप्त बनाउन नसकेको जनमुक्ति सेना, आधार इलाका र स्थानीय सत्ता प्रचण्डको एउटा हस्ताक्षरले समाप्त गऱ्यो । रुस र चीनका सर्वहारा वर्गीय समाजवादी सत्ता जसरी शान्तिपूर्ण संक्रमणको एउटा एजेण्डाबाट सिध्याउन लगाएर विश्वका साम्राज्यवादी शक्तिहरूले मार्क्सवाद असफल भयो भनेर चिच्याएका थिए । त्यति नै नेपालको वर्ग संघर्ष समाप्त गरेकोमा ठुलो ठुलो स्वरमा प्रचण्डको जय जय कार गर्न भ्याए । नेपाली सर्वहारा वर्गका निमित्त यो अत्यन्तै दुर्भाग्य थियो ।

प्रचण्ड कति खतरनाक ब्यक्ति हुन भन्ने कुराको एउटा प्रमाण त त्यही काफी छ । जतिबेला वहाँले संविधानमा वर्ग संघर्ष वा जनयुद्धको एउटा पनि शब्द राख्न सकेनन् । आज भन्दै छन् यो संविधान हामीले बनायौं । बरु संविधान बन्नु अगाडि १६ बुँदे सम्झौतामा वहाँले संसदीय व्यवस्थालाई स्वीकार गर्छौं भनेर हस्ताक्षर गर्नु भयो । साम्राज्यवाद, विस्तारवादको उक्साहतमा क्रान्तिकारी विचारलाई नेपालबाट समाप्त बनाउन, क्रान्तिकारी शक्तिलाई कमजोर बनाउन कहिले पदको लागि टेण्डर खुलाएर कहिले जागिरको लागि टेण्डर खुलाएर कहिले आश्वासनको टेण्डर खुलाएर त कतिपय बेला आर्थिकको पोको फुकाएर लागिरहेका छन् ।

त्यसैले यतिबेला चाहे झापाको वर्ग संघर्ष होस् चाहे दश वर्षको जनयुद्ध होस चाहे अन्य कतिपय बेला भएका वर्ग संघर्षहरू होउन, ती सबै ओनरशीप क्रान्तिकारीहरूले लिनु पर्दछ । वर्ग संघर्षको प्राप्त गरेका उपलब्धीको सकारात्मक तवरबाट गर्नु पर्दछ । बेपत्ता योद्धा र घाइते योद्धाहरूको विषयलाई लिएर संघर्ष उठाउनु पर्दछ । शहिद परिवार, बेपत्ता परिवारका दुःख र पीडाको सम्मान क्रान्तिकारी शक्तिले गर्न सक्नु पर्दछ । यो यतिबेला क्रान्तिकारीको दायित्व हो । वर्ग दुश्मनले त यसलाई सुन्न पनि चहाँदैन किनकी वर्ग संघर्ष नै उनीहरूका विरुद्ध परिलक्षित थियो । प्रचण्डहरू जसले मालेमावादका आधारभूत सिद्धान्तलाई छाडे, वर्ग संघर्षलाई छाडे, वर्ग बदले जसले गर्दा उनीहरू पनि त्यसका विरुद्ध उसैको क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने अठोट बोकेका क्रान्तिकारीहरू मुख्यतः क्रान्तिकारी माओवादीहरूले यसलाई सम्मान गर्नु नितान्त आवश्यक छ ।

किनकी विगतमा भएका सकारात्मक कार्यहरूको सम्मान नगरीकन बाँकी काम पुरा गर्छु भन्नु भनेको मात्र अबुझपना हो, मात्र क्रान्ति नगर्नु हो । नेकपा (क्रान्तिकारी माओवादी) भूलेर पनि त्यसो गर्न चाहँदैन, गर्नु हुँदैन । किनकी यहाँ न त संकिर्ण घेरा भित्रबाट रमाउनु छ न त उदारका नाममा सबैलाई छाडेर रमाउनु छ । छ त एउटा चिन्ता छ सर्वहारा वर्गको मुक्ति र समानताका खातिर एक पटक चर्को वर्ग संघर्षको । दश वर्षको जनयुद्धको सम्मान गरौं । क्रान्तिका बाँकी कार्यभारहरू पुरा गर्ने अठोट गरौं । यही नै आजको आवश्यकता हो ।

## भेनेजुयलामा...

गरेको थियो ।

अमेरिकी युद्धको प्रतिरोध गर्न १६ देखि ६० वर्षसम्मका नागरिकहरूले उक्त सैन्य अभ्यासमा सहभागी हुन त्यहाँको सरकारले आग्रह गरेका थिए । 'मातृभूमिको रक्ष ागर्ने बेला हो' भन्ने नाराका साथ शुरु भएको उक्त सैन्य अभ्यासमा निःशस्त्र रूपमा खाली हातले गर्ने प्रतिरोध देखि युद्धक विमान खसाल्ने मेशिन गन चलाउनेसम्मको अभ्यास रहेको छ । साम्राज्यवादी अमेरिकाको विरोधमा भनेर थालिएको उक्त सैन्य अभ्यास शनिवार र आइतवार दुई दिने रहेको थियो ।

गएको जुलाई ३० मा सम्पन्न संविधान सभाको निर्वाचनको घोषणादेखि नै चुनाव नगराउन भेनेजुयाली सरकारलाई अमेरिकाले चेतावनी दिँदै आएको थियो । त्यसबेलादेखि नै सरकार विरोधी प्रदर्शनले संकट चुलिएको थियो । अमेरिकी चेतावनीको बावजुद सम्पन्न चुनावमा राष्ट्रपति निकोलस मडुरोको विजयपछि ट्रम्प सरकारले थप आर्थिक प्रतिबन्ध र युद्धको चेतावनीको घोषणा गरेको थियो ।

उता क्युबाको राजधानी हवानामा ट्रम्प सरकारको युद्ध चेतावनीको विरुद्ध विशाल जनपदर्शन भएको छ । क्युबाली मैत्री तथा ऐक्यबद्धता संस्था (आइसीएपी)को आयोजनामा भएको उक्त प्रदर्शनीमा भेनेजुयाली, क्युबाली तथा विश्वका विभिन्न ठाउँबाट आएका हजारौं प्रदर्शनकारीहरूले भाग लिएका थिए ।

प्रदर्शनकारीहरूले 'भनेजुयलामाथि हस्तक्षेप बन्द गर' नारा लेखिएका अमेरिकी हस्तक्षेपको विरोधका प्लेकार्डका साथै भूतपूर्व राष्ट्रपति ह्यूगो चाभेजको फोटो सहित प्रदर्शन गरेका थिए ।

क्युबाका लागि भेनेजुयाली राजदुत अलि रोद्रीजले भनेका छन्," हामी शान्ति चहान्छौं, युद्ध होइन । शान्तिबाट मात्र विकासको सम्भव छ ।" उनले थपे," अमेरिकी सरकार ल्याटिन अमेरिकामा अझै पुरानै नीति थोपर्न चहान्छ । उनीहरू सैन्य, आर्थिक लगायत सबै शक्ति लगाएर सैन्य, आर्थिक र साँस्कृतिक दमन, उत्पीडनमा राखिराखेको छ । यसको विरोधमा सबैले ऐक्यबद्धता देखाउनु पर्छ, हुनु पर्छ ले ऐक्यबद्धता देखाउनु पर्छ, हुनु पर्छ ।"


प्रदर्शनमा विद्यार्थी, मजदुर लगायत विभिन्न पक्षका बुद्धिजीवि, अभियन्ताहरूको पनि सहभागी थियो ।

## नयाँ...

संसदीय व्यवस्था नमान्ने र नेपाली समाजको आमूल परिवर्तनको मालेमावादी दिशाप्रति प्रतिबद्ध पार्टी, समूह र व्यक्तिहरूबीच सकेसम्म पार्टी एकता नभए कार्यगत एकताको स्थिति बनोस् भन्ने चाहना आम जनमानस तथा कार्यकर्ताहरूमा रहेको कुरालाई आत्मसात गर्दै क्रान्तिकारी माओवादीले यसतर्फ पहल गरेको नेता श्रीसले बताए ।

दैनिकी दुर्वाच्य... 

रामचन्द्र हुमागाई



# झण्डा वाला डाँका

**भदौ ५ गते ।** सन्सारमा डाँका, गुण्डा र आतँककारी थरिथरिका हुन्छन् । ती समूह अनेक प्रकारले सरकार र समाजलाई आर्थिक रूपमा निचोर्न तल्लिन हुन्छन् । नेपालमा अहिले बन्दुक बोकेर हिड्ने डाँका त छैनन् तर राष्ट्रिय झण्डा हल्लाएरै डाँकाको काम गरिरहेका छन् राजनीतिक पार्टी स्वयंले । यसको पछिल्लो उधाहरण हो प्रधानमन्त्री शेरवहादुर देउवाको मन्त्री मण्डल । हिजो थपिएका र आगामी केही दिनमै थपिने भनिएका राज्यमन्त्रीहरूको सँख्याले दुइदर्जनको सीमा पनि नाघ्ने देखिएको छ । जव कि नयाँ सम्विधानमा १८ जना भन्दा बढी मन्त्री हुने छैनन् भनिएको छ । के सम्विधान नै नमान्ने समूहलाई झण्डावाला डाँका नभन्ने ? उता अढाई वर्ष अगाडि गएको भूकम्पले मर्माहन्त भएका नेपालीहरूले टाउको लुकाउने छाप्रो पाएका छैनन्, हालै गएको बाढी र पहिरोको पिरोलोमा अरु नेपाली थपिएका छन् । के राजनीति भनेको जनता र देशको भलाईका लागि होइन ? डाँकै बन्नु थियो भने झण्डावाला किन ? बन्दुक नै बोके भैहाल्या नि ! अमेरिकाले उत्पादन गरेकै छ ।

**भदौ ६ गते ।** नेपालका सम्पूर्ण पत्रकारहरूको छातासँगठनको नाम कै छाता ओढेको नेपाल पत्रकार महाँसँघ, (खासमा भन्ने हो भने राजननीतिक पार्टीहरूको भात्रृसँगभन्दा फरहक नपर्ने) को निर्वाचनको मतदान प्रकृया हिजो सकियो, आज रातभरी गन्ने काम भैरहेको छ । यो पत्रकारहरूको सँगठन भनेको यस्तो सँगठन हो, जहाँबाट देशहाँक्ने नेता तथा कार्यकर्तालाई निर्देशन दिने हैसियत राख्छ, विदेशी धनी देश या गरिव पनि कतिपयले यो सँस्थालाई चौथो अँगका मानिसहरूको सँगठन भनेर नामाकरण पनि गरिसकेका छन् । तर, हामी कहाँ पार्टीको पुच्छर र नेताको गुलाम भएर हिड्ने गरेको आरोपति प्रहार भएको भयै छन्, हुन पनि हावा नलागि रुख हल्लिनन् भने झैं भैरहेको छ र निर्वाचित हुनुभन्दा अगाडि स्वतन्त्रताको माला जप्छन्, जितेपछि पार्टीको भजन गाउँछन् र नेताको पुच्छर समाएर भऱ्याङ चड्छन् । शिखरमा पुगेपछि अगाडि बड्ने बाटै नदेखेर पुनः फर्किएर आउँछन् । सकेसम्म एन.आईं. जि. ओ. एजेण्ट भएर हाउँछन्, नसके कुनै न कुनै विदेशीको एजेण्ट त कहीं नजा । नयाँ नेतृच्व जोसुकैले जिते पनि नैतिक हार चाँही नहारेहुन्थ्यो भन्नेचाहना मात्रै हो ।

**भदौ ७ गते ।** 'नक्कचरोको औषधी र उपचार दुवै हुदैन' भनेर बुढा वाहरू वेलावेला गुनगुनाउँने गर्थे, हामीहरू, 'के भनेको होला ?' भनेर व्वाल्ल पर्थ्यौं । अहिले पो थाहा भयो नक्कचरोको औषधी साच्चै नहुने रहेछ । यदि हुन्थ्यो भने नेपाल जस्तो सानो देशमा ६० जना मन्त्रीहरूको लस्कर । यो लस्करमात्रै होइन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणमा ४८ जनाको टोली । हेप्नुको पनि हद्हुन्छ नि ! नेताले जे पनि गरिरहने, जनता चुँसम्म पनि नवोल्ने देशमा ।

**भदौ ८ गते ।** अखिल क्रान्तिकारी (माके) को उद्घाटन समारोहलाई सम्वोधन गर्दै हिजो माकेका अध्यक्ष पुष्पकमल दाहाल उर्फ प्रचण्डले भनेछन्, 'युवा पुस्तामा सिद्धान्त बिचलन देखा पर्दै छ' । यो समाचार पढेपछि मलाई आजका युवा पुस्तालाई प्रश्न गर्न मनलाग्यो, 'ए युवापुस्ता किन तिमीहरू राजनीति प्रति वेइमानी गर्दै छौ ? हाम्रो युवा पुस्ताले विद्यार्थी आन्दोलनलाई चरण शिखरमा पुऱ्यो, केशरजँग रायमाझी जन्मायो । अघिल्लो पुस्ताले १० वर्षे जनयुद्ध कमायो, पुष्पकमल दाहाल उर्फ प्रचण्ड जन्मायो । अब तिमी नयाँ पुस्ताले एउटा घनघोर निरँकुश शासक जन्माउँनु थियो तिमीमा किन बिचलन आयो ?

**भदौ ९ गते ।** हिजोआज प्रधानमन्त्री शेरवहादुर देउवा आफ्ना दलवल सहित दिल्ली दरवार ओरीपरि जुँगा मुसारेर चाकरीको सम्वाद्मा श्रृखला थपिरहेका छन् र भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर मादीका अगाडि नतमस्तक भएर भनिरहेका छन्, 'हामी सबैलाई समेट्ने गरी संम्विधान सँसोधन गर्ने छौं' । देउवा कस्ता केटाकेटी होलान् ? उनी यस्ता कुरा बुझेर गर्छ कि हचुवाको भरमा गरेर विवादमा आउँछन् ? अब तीन महिना भित्र नयाँ निर्वाचन हुँनैपर्छ, त्यो कुरा देउवालाई थाहा छ । त्यो निर्वाचनले सँघीयता कार्यान्वयन गर्न सकेन भने नयाँ सिंगो सम्विधान कागजको खोस्टो सावित हुन्छ, त्यो कुरा पनि देउवालाई थाहा छ । नयाँ निर्वाचनले कसलाई कहाँ पुऱ्याउँने हो त्यो कुरा पनि देउवालाई थाहा छ । यति हुँदा हुँदै पनि भारतीय प्रभुहरूका अगाडि गएर त्यो पनि प्रजातान्त्रिक मसिहा पार्टीका मुखिया जस्तो व्यक्तिले जे पायो त्यही वोलेर आफ्नो पार्टी र देश दुवैको खिल्ली उडाउँदा पनि काँग्रेसी भाइजानहरू टुलुटलु हेरेर बसिरहनुको कारण के होला ? कि काग्रेस भित्र नैतिकता सकियो भनेर जनताले बुझ्ने ?

**भदौ १० गते ।** प्रधानमन्त्री शेरवहादुर देउवा दक्षिण तिरको छिमेकी भारतका गल्लीहरूमा हातमोल्दै जदौ गरिरहेका वेला उत्तरतिरको छिमेकी राष्ट्र चीनका कानुन, पुर्वाधार तथा अर्थमन्त्री युआन सुहङ नेपाल आएर भने, 'नेपालमा चीन प्रसस्त लगानी गर्न तयार छ तर ठोस नीति सहित प्रस्ताव ल्याउनु पऱ्यो' । यो ठोस प्रस्ताव ल्याउँन नेपाल तयार छैन । किनभने चीन समक्ष यस्तो ठोस प्रस्थाव नेपालले गऱ्यो भने भारत रिशाउँछ र आफ्नो दानापानी हरण हुन्छ भन्ने चिन्ता नेपालका भारत परस्त नेता तथा कर्माचारीलाई छ । यदि देश विकासमा ध्यानदिने हो भने माग्नेलाई तातो भात नै किन चाहियो र ! बासी वा फालिएकै जुठो भए पनि हात लम्क्याउँने वेस होइन र ! आखिर राजा भएपनि निरँकुश ता भए पनि माँगेरै मन्त्रीमण्डल पाल्नुपरेपछि ?

**भदौ ११ गते ।** नेपाल अब पृथ्वी नारायण शाहले भनेजस्तै 'दुइढुङ्गको तरुल' रहेन । भूगोल यथावतनै रहे पनि दुई छिमेकी राष्ट्र भारत र चीनले नेपाललाई हेर्ने दृष्टकोणमा फरक आएको छ, चाहे आआफ्नै स्वार्थका लागि नै किन नहोस् । भारतको सिमसारमा सधैं चिप्लेटी खेलिरहेको नेपालमा चिनीया चासो बढेपछि नेपाललाई सहयोग गर्न, ऋण दिन वा लगानी गर्न निकै हौसिएपछि भारतले पनि नेपालप्रति चिम्टी खोलेको छ, सायद् चीनलाई पछाडि हटाउँने दाउमा भारत देखापरेको छ । अब कुरा आउँछ, यसको नेपाली पक्षले फाइदा लिन सक्नु वा नसक्नु । चिनीया कानुन, पुर्वाधार तथा अर्थमन्त्री युयन सुहङका अनुसार नेपाल सरकारले पूर्वाधार नवनिर्माणका योजना नै दिन सकेको छैन, कसरी सहयोग गर्ने भन्ने भनाइ रहेको छ । यस्तो आफू पनि गर्न नसक्ने अरुले गरिदिन्छु भन्दा पनि योजना दिन नसक्नेहरूलाई आम नेपालीले नेता, हाकिम र योजनाकार भनेर वसिरहनु परेको छ, यस्तो अवस्थामा कसरी गणतन्त्र फस्टाउला खोई ?


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं – ९८६६८३३३९९
खलंगा – ९८५१२४९९४८
किमीचौर – ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# अतिरिक्त श्रम : अतिरिक्त मूल्य



● ईश्वरराज ढुंगेल

अतिरिक्त मूल्यको बारेमा बुझ्नको लागि एउटा सामान्य सुत्र हेरौं । C = (c+v)+s यस सुत्रमा C भनेको दुई समायोजित पुँजीको योग हो । एउटा समायोजित पुँजी जसलाई यहाँ अ को रूपमा देखाइएको छ । त्यो उत्पादनको साधनहरू माथि खर्च गरिन्छ । अर्को समयोजित पुँजी जसलाई v को रूपमा देखाइएको छ ,त्यो श्रमशक्ति माथि खर्च गरिन्छ । यसको अर्थ अ स्थीर पुँजी र ख परिवर्तित पुँजीको रूपमा छ । उदाहरणको लागि C = अ+ख लाई लिऔं । C= १,०००।- रूपैया मूल पुँजी c = ८२०।- रूपैया स्थीर पुँजी र v= १८०।- रूपैया परिवर्तित अवस्थामा छ । यसलाई उत्पादन प्रक्रियामा लगे पछि यस्तो वस्तुको उत्पादन त्यसको सुत्र C'= (c+v)+s हुन्छ । s अतिरिक्त मूल्य हो । पुरानो पुँजीले उत्पादित वस्तु बेचेर ११८०।- रूपैया प्राप्त हुन्छ । सुत्रमा हेरौं । C'= (c+v)+s यसमा C'= ११८०।- रूपैया c= १८०।- रूपैया र s=१८०।- रूपैया हुन्छ । अब यसको कुलयोग C'= ११८०।- जसमा १८०।- रूपैया बढी प्राप्त हुन्छ त्यो अतिरिक्त श्रमको मूल्य हो ।

मुद्रा पुँजीमा रूपान्तरण हुने दुई किसीमका प्रक्रिया छन् । १) वस्तु- मुद्रा -वस्तु (C–M–C) यसमा वस्तु मुद्रामा परिवर्तन हुन्छ र मुद्रा फेरी वस्तुमा । अर्को शब्दमा भन्दा किन्नको लागि बेच्नु हो । यसको विपरित अर्को रूप मुद्रा -वस्तु- मुद्रा (M–C–M) यसमा मुद्रा वस्तुमा परिवर्तित हुन्छ र वस्तु फेरि मुद्रामा परिवर्तन हुन्छ । अर्को शब्दमा भन्दा बेच्नका लागि किन्नु हो । यो दोस्रो रूपबाट परिचालित हुने प्रक्रियामा मुद्रा पुँजीमा परिवर्तन हुन्छ । पहिलो प्रक्रियामा जीवन निर्वाहको लागि उत्पादन हुन्छ , उसले बेच्ने भनेको अर्को वस्तु उपभोगको लागि किन्ने हो । दोस्रो प्रक्रियामा पुँजीको लागि अर्थात् सम्पत्तिको लागि वस्तु किन्छ र बढी मूल्यमा बेचेर सम्पत्ति बढाउँछ । पुँजी लगाएर पुँजी बढाउने हो दोस्रो प्रक्रिया । व्यापारीले एक क्वीण्टल गहूँ २,०००।- मा किन्यो भने ऊ त्यसलाई २,२००।- बिक्री गरेर रू. २००।- अतिरिक्त आय आर्जन गर्दछ ।

खरीद बिक्रि गर्दा वस्तु र मुद्रा परिचालन हुन्छ त्यस्तो परिचालनमा सामान्यतः ३ वटा खर्चको क्षेत्र हुन्छ । १) बस्तु खरीद गर्ने मुद्रा २) भण्डारगर्दा खर्च हुने मुद्रा र ३) परिवहनमा खर्च हुने मुद्रा । १) वस्तु खरीदमा लाग्ने मुद्रा बिक्री नहुँदाको समय, हिसाब किताब राख्ने खर्च र श्रम गर्ने मानिसहरू हुन्छन् , उनीहरूलाई दिने ज्यालामा अतिरिक्त मूल्य जोडिन्छ । २) वस्तुहरू भण्डार गर्दा काम गर्ने कामदारहरूको ज्याला र भण्डार गरेवापत दिइने शुल्क समेतमा अतिरिक्त मूल्य जोडिन्छ । ३) परिबहन खर्चमा पनि परिबहनको खर्च तथा वस्तु राख्ने तथा झिक्ने खर्च पनि समावेश गरेर अतिरिक्त मूल्य जोडिन्छ र उक्त वस्तुको मूल्य बढ्छ । जसमा मूल्य बृद्धिको मुख्य आधार श्रम नै देखिन्छ ।

व्यापारिक पुँजीमा अर्को पुँजी उत्पन्न हुन्छ । यस बारेमा मार्क्स पुँजीमा लेख्दछन् "ब्याज मुद्रा सम्पत्तिबाट उत्पत्ति हुने मुद्रा हो । जीविका चलाउने जति तरिकाहरू छन् त्यसमध्ये यो तरिका सबैभन्दा बढी प्रकृति विरोधी छ ।" प्राणीले बच्चा जन्माए जस्तै मुद्राले मुद्रा जन्माउदैन । तर, पुँजीवादी उत्पादन प्रक्रियामा मुद्राले मुद्रा जन्माउँछ , त्यो ब्याजी पद्धति हो । यसमा पनि जीवन निर्वाहका लागि उत्पादन गर्न लागेको खर्चमा उसले आफ्नो श्रमको एक हिस्साबाट ब्याजको रकम भूक्तानी गर्दछ । उत्पादनका लागि पुँजीको रूपमा लागेको मुद्राको अतिरिक्त श्रमबाट अतिरिक्त मूल्य लिई त्यसबाट एक भाग ब्याजको रूपमा तिर्छ भने एक भाग आफ्नो लागि राख्छ । श्रमको सिद्धान्तमा विना श्रम कुनै पनि वस्तुमा मूल्य थपिदैन । मुद्राले मुद्रा कमाउदैन त्यस मुद्राबाट जीवित श्रम खरदि गरी अतिरिक्त आय आर्जन गर्ने हो ।

विज्ञानको उच्चतम् विकासलाई पुँजीवादीहरूले ज्ञान र सिपको कमाई हो यसमा कसैको शोषण हुँदैन । यो विशुद्ध उसको क्षमताको कमाई हो भनि भ्रम दिइरहेका हुन्छन् । एक दिन मेरो एकजना मीत्रले बिल गेट्सले सफ्टवेयर बेचेर धनि भएका हुन् उनले कसरी अतिरिक्त श्रम लिए ? उनले यसमा कसरी अतिरिक्त मूल्यको सिद्धान्त लागु हुन्छ भनि जिद्धी गरे । सफ्टवेयर कसरी बेच्छ ? के हावाबाट पठाई दिन्छ ? त्यसको लागि पनि त डिभाइस चाँहिन्छ । डिभाइस त कारखानामा उत्पादन हुन्छ । एउटा नयाँ सफ्टवेयरको ३ लाख भन्दा बढी हुन्छ । अब सोच्नुस त लागत भन्दा कति बढी हुन्छ कमाई यही हो शोषण भनेको । उनी मेरो कुरा मान्न तयार भएनन् । मानिसले लेख, रचना बेचेर कमाई गर्दछन् त्यहाँ पनि शोषण हुन्छ । मानिसले प्राप्त गरेको ज्ञानलाई उपभोक्तासम्म पुऱ्याउन कुनै माध्यम त चाहिन्छ त्यो निर्माता वा सञ्चालकले आफ्नो काम वापत पैसा त लिन्छ । लगानी गर्ने भनेको नाफा कमाउने हो नाफा भनेको अतिरिक्त मूल्य हो । मार्क्स जर्मन विचारधारामा लेख्दछन् "जुन वर्गसँग भौतिक उत्पादनको साधन हुन्छ , उसैको बौद्धिक उत्पादन माथि पनि नियन्त्रण हुन्छ र यसैगरी सामान्यतः जोसँग बौद्धिक उत्पादनको साधन हुँदैन उनको विचार तिनै वर्गको अधिनमा हुन्छ जोसँग बौद्धिक उत्पादनको साधन हुन्छ ।" जुनसुकै कुरा (भौतिक वा भावनात्मक) होस् उपभोगको लागि उत्पादन हुनै पर्छ जहाँ पुँजी लगाएर उत्पादन हुन्छ त्यहाँ शोषण हुन्छ अर्थात् अतिरिक्त मूल्य हुन्छ ।

मानिसको ज्ञान र सिप नितान्त व्यक्तिगत कुरा हो कि होइन भन्ने बारे पनि केही तथ्यलाई केलाउँ । सन् १८४६ मा पा. वा. अन्नेनकोवलाई लेखेको पत्रमा मार्क्स लेख्दछन् "प्रत्येक आउँने पुस्ताले आफूभन्दा पहिलेको पुस्ताद्वारा अर्जित उत्पादित शक्ति प्राप्त गर्दछ , जुन उसको लागि नयाँ उत्पादनका लागि कच्चा वस्तु (अकयमष्तथ) को काम गर्दछ ।" यसले के स्पष्ट गर्दछ भने हाम्रो चेतना हामीभन्दा अगाडिका पुस्ताले गरेको क्रियाकलापको उपज हो । अर्को शब्दमा भन्दा हाम्रो ज्ञान तथा सिप ऐतिहासिक हुन्छ । व्यक्तिगत ज्ञानको सामाजिक अन्योन्क्रिया पछि सही ज्ञानको अर्थात् सत्यको निरूपण हुन्छ । हामीले आर्जन गरेको ज्ञान तथा सिप हाम्रो पुर्खाले आर्जन गरेको ज्ञान तथा सिपको तार्किक र प्रायोगिक ज्ञानको निस्कर्ष जसलाई कसै न कसैले अभिलेखीकरण गरेर समाजमा प्रस्तुत गर्दछ ,त्यही प्रस्तुतीलाई पुँजीवादी कानुनले उसको सम्पत्ति बनाई दिन्छ । त्यो ज्ञान तथा सिपमा उसको स्वामित्व हुन्छ ।

अहिले हामीले प्राप्त गरेको ज्ञान हजारौं व्यक्तिहरूले अर्थशास्त्र, विज्ञान, स्वास्थ्य विज्ञान, दर्शनशास्त्र, राजनीतिक शास्त्र, समाजशास्त्र, मनोविज्ञान आदि क्षेत्रबाट हामी भन्दा पहिले गरेको आविस्कार, अनुसन्धान, ज्ञान र व्यवहारबीचको तालमेलको निस्कर्षहरूको तथ्यपरक तुलनात्मक cWoog हो । यस्तो ज्ञान तथा सिप ऐतिहासिक र कालक्रमिक रूपमा परिवर्तनशील गति थियो, छ र हुनेछ । यो संसारबाट हामीले जे प्राप्त गर्दछौं त्यसलाई उपभोग गर्न श्रम लगाउनु पर्छ । श्रम जुनसुकै प्रकारको भए पनि तयारी वस्तुको उपभोगमा सबैको हक बराबरी हुनु पर्छ किनकी आजको यो अवस्था सबै मानिसहरूको समुहिक प्रयासको फल हो । यसकारण हाम्रो ज्ञान तथा सिपलाई नितान्त मेरो मात्र हो भन्नु त्यसको मूल्य आफूले मात्र लिन खोज्नु हो । अरूको श्रमको मूल्य लिनु अतिरिक्त मूल्य लिनु हो । २०७४ / ०४ / १७

# देजमो ३ नम्बर प्रदेशको बैठकपछि जिल्ला जिल्लामा बैठक तथा भेला

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाको ३ नम्बर प्रदेशको बैठकपछि विभिन्न जिल्लाहरूमा संगठनका बैठक सुरु भएका छन् ।

देजमोको ३ नम्बर प्रदेश अन्तर्गत काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, चितवन लगायतका जिल्लामा जिल्ला समितिको बैठक सम्पन्न भएको नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सचिवालय सदस्य समेत रहेका देजमो ३ नम्बर प्रदेश संयोजक पवनमान श्रेष्ठले जानकारी दिए ।

देजमो काठमाडौंको बैठक जिल्ला समितिका संयोजक किरण शाहीको अध्यक्षता तथा प्रदेश संयोजक पवनमान श्रेष्ठको उपस्थितिमा सम्पन्न भएको छ ।

त्यसैगरी चितवन जिल्ला समितिको बैठक सचिवालय सदस्य अम्बिका मुडभरीको उपस्थितिमा संयोजक अशोक शर्माको अध्यक्षतामा सम्पन्न भएको छ ।

उता काभ्रेमा पनि देजमो जिल्ला समितिको बैठक सम्पन्न भएको छ । बैठकमा प्रदेश संयोजक श्रेष्ठ र सचिवालय सदस्य कान्छाराम तामाङको उपस्थिति तथा संयोजक गोपाल घिमिरेको अध्यक्षतामा सम्पन्न भएको हो ।

यस्तै भक्तपुरमा पनि जिल्ला संयोजक विष्णु न्हिसुतुको अध्यक्षमा देजमोको बैठक बसी विभिन्न निर्णयहरू गरेको छ । बैठकमा प्रदेश संयोजक पवनमान श्रेष्ठ, पार्टी केन्द्रीय सल्लाहकार गोर्की श्रेष्ठ तथा केन्द्रिय सदस्य श्रीकृष्ण सुलुको उपस्थिति थियो ।

जिल्ला कमिटिका बैठकले गाउँपालिका र नगरपालिका स्तरमा देजमोको गठन, पुनर्गठन र बैठक सम्पन्न गर्ने तथा ति गाउँ तथा नगरपालिकामा कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

यस्तै गाउँ तथा नगरपालिकाले देजमोका संगठनलाई वडा स्तरसम्म विस्तार गर्ने निर्णय गर्नुका साथै सदस्यता विस्तार गर्ने निर्णय गरेको छ ।

यसैगरी गाउँ तथा नगरपालिकास्तरीय देजमोले गाउँ तथा नगरपालिकाको बजेट तथा विकास निर्माणको योजना अध्ययन र अनुगमन गर्ने निर्णय समेत गरेको छ । ३ नम्रब प्रदेशमा रहेका १३ जिल्लामा चाँडै जिल्ला समितिको बैठकहरू सम्पन्न गरी संगठन गठन/पुनर्गठन गर्ने संयोजक श्रेष्ठले जानकारी दिए ।

देजमो नुवाको तथा रसुवाको बैठक यही भदौं १३ र १४ गते बस्ने समेत उनले जानकारी दिए ।

# जानकी गाउँपालिकास्तरीय देजमो गठन

काठमाडौं । ७ नं प्रदेशको कैलाली जिल्लामा जानकी गाउँपालिकास्तरीय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गठन भएको छ । झनक बहादुर विश्वकर्माको संयोजकत्वमा सात सदस्यीय कमिटी गठन गरिएको छ ।

कमिटीमा नेपालु कठरिया, सुशिला चौधरी, मगनी चौधरी, प्रविता महतो, संगम कठरिया, पतिराम थारु रहेका छन् । ७ नं प्रदेश संयोजक राम बहादुर केसीको प्रमुख उपस्थितिमा भाद्र २ गते उक्त कमिटी गठन गरिएको हो ।

यसैगरि उक्त गाउँपालिकाको ७ नं वडास्तरीय कमिटी पनि गठन भएको छ । बुद्धराम चौधरीको संयोजकत्वमा एक सदस्य पछि थप गर्ने गरी १७ सदस्यीय कमिटी गठन गरिएको छ ।

उक्त कमिटीका सदस्यहरूमा झनक राज विक, गोरे चौधरी, सीता जानकी, विष राम थारु, कल्सी थारु, प्रदेशिया चौधरी, सोमली चौधरी, मंगलादेवी चौधरी, फाटुराम डगौरा थारु, कमारु डगौरा थारु, ठागुराम चौधरी, छल्लु डगौरा थारु, फुलिया चौधरी, खड्ग चौधरी, धोरिया चौधरी रहेका छन् ।

उता जाजरकोट जिल्लामा गोरख बहादुर खड्काको संयोजकत्वमा आउने भाद्र ३० गते जिल्ला भेला गर्ने गरी तयारी समिति गठन गरेको छ । भाद्र २ गते देजमोका केन्द्रीय सदस्य मनोहर लामिछानेको विशेष उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

यसरी नै गएको श्रावण ३० गते देजमोको रुकुम जिल्लाको बैठक संयोजक खड्क विष्ट अध्यक्षतामा केन्द्रीय सदस्य मनोहर लामिछानेको विशेष उपस्थितिमा बस्यो । बैठकले समसामयिक राजनैतिक परिस्थितिमा छलफल गरी विभिन्न कार्यक्रमहरू गर्ने निर्णय गरेका छन् ।

## संगठित...

स्वास्थ्य र शिक्षामा ५० प्रतिशत छुट दिनु पर्ने, सडकमा स्पष्टरूपमा ट्राफिक संकेतहरूको प्रष्टरुमा देख्नेगरी राखिनु पर्ने, सडकमा अव्यवस्थित रूपमा रहेको फोहर मैला, धुलो धुँवाको वैज्ञानिक व्यवस्थापन गरिनुपर्ने लगायतका मागहरू राखेर संगठित भएका छन् । उक्त क्रान्तिकारी चालक दलको प्रथम राष्ट्रिय भेलाको उद्घाटन भेलाका प्रमुख अतिथिसमेत रहेका नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण'ले गरेका थिए ।

पाइलटहरू विजय लामा, डिके बुद्धिस्ट, ओवि गुरुङ, सुवास रिजाललगायतका पाइलटहरू समेत क्रान्तिकारी चालक दलमा सम्मिलित हुने तयारीमा रहेको उक्त चालक दलका संयोजक राजभाइले वर्गदृष्टिलाई बताए । उक्त चालक दलको केन्द्रीय बरिष्ठ सल्लाहकारको रूपमा रहेका सन्ध्या प्रधानले बताए अनुसार यो चालक दलले सम्पूर्ण यातायात सवारी चालकहरूलाई गोलबद्ध गरी योजनाबद्ध र संगठित रूपमा यातायात क्षेत्रलाई सञ्चालन गर्ने र यस क्षेत्रका अराजकता र विकृतिहरू निमूल पार्ने योजना तय गरेको छ । उक्त चालक दलका सहसंयोजक सुरेश घिमेरेले दिएको जानकारी अनुसार नेपाल क्रान्तिकारी चालक दलको केन्द्रीय समिति २१ सदस्यीय रहेको छ । घिमिरेका अनुसार समितिको आइतबार ललितपुरको कुपण्डोलमा बसेको प्रथम बैठकले राष्ट्रिय भेलाको समीक्षा, देशव्यापी संगठन विस्तार तथा कार्यालय व्यवस्थपन लगायतका महत्वपूर्ण निर्णय गरेको छ । क्रान्तिकारी चालक दलमा आवद्ध चालकहरूले यसलाई स्वतन्त्र र साझा संगठनको रूपमा अगाडि बढाउने जनाएका छन् ।

## संविधानले...

प्रतिक्रियावादी शक्तिले बनाएको संविधान जनपक्षीय हुने कल्पना समेत गर्न नसकिने उनको भनाई थियो ।

देजमोका कार्यालय सचिव हरिकृण गजुरेलले स्थानीय तहको क्रान्तिकारी उपयोगमार्फत संगठन निर्माणको आधार र जनताका बिचमा संविधानको गलत पक्षको भण्डाफोर गर्दै अघि बढेको स्पष्ट पारे । पार्टीका केन्द्रीय सदस्य मोहन सिंह तामाङले यो संविधान शताब्दियौंदेखि अधिकारको माग गरिरहेका आदिवासी जनजातिको पक्षमा नरहेकाले संघर्षको विकल्प नरहेको बताए । सो कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का सचिवालय सदस्य कृष्ण देव सिंह दनुवार, विशेष अतिथि देजमोका कार्यालय सदस्य तथा २ नम्बर प्रदेश संयोजक कमल चौधरी, देजमो सचिवालय सदस्य हरिकृष्ण गजुरेल, मोहन सिंह तामाङ, देजमो जिल्ला संयोजक सूर्यनारायण चौधरी, नन्दलाल विकलगायतको उपस्थिति रहेको थियो ।

सो कार्यक्रको अध्यक्षता देजमोका नगरसमितिका संयोजक तिलकबहादुर मगरले गरेका थिए भने स्वागत मन्तव्य वानेश्वर चौधरीले राखेका थिए ।









**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।